आज मिति २०६८ साल आषाढ १० गते भद्रपुर नगरपालिका को दैनिक नगरसभा मापा उद्योग संघको सभाकक्षमा नगर प्रमुख श्री जीवनकुमार श्रेष्ठज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न अनुसारको निर्णयहरू पारित गरियो।

उपस्थिति	२०६८।०३।१०	२०६८।०३।११
अध्यक्ष श्री जीवनकुमार श्रेष्ठ, नगरप्रमुख		
उपाध्यक्ष श्री चन्द्रमाया श्रेष्ठ, नगरउपप्रमुख		
सचिव श्री तुलसीबहादुर श्रेष्ठ, प्र.प्र.अ.		
सदस्य श्री दशरथ प्रधान, वडाअध्यक्ष-१		
" श्री मिम बहादुर सुब्बा, " " २		
" श्री कमला थुलुङ, " " ३		
" श्री हंशधर राजवंशी " " ४		
" श्री बन्धु कार्की " " ५		
" श्री प्रेम बहादुर बरुवाल " " ६		
" श्री विनोदप्रसाद पोखरेल " " ७		
" श्री गौरव सुब्बा " " ८		अनुपस्थित
" श्री शनिलाल राजवंशी " " ९		
" श्री टेक बहादुर खड्का (काजी) " १०		
" श्री राम प्रसाद दाहाल काबा " ११		
" श्री कौशिल्या अधिकारी, का.पा.स.		
" श्री ममता लिम्बु " " "		
" श्री जानुका विं क " " "	जानुका	जानुका
" श्री विभा पासवान " " "	विभा	विभा
" श्री मिशा भट्टराई " " "		
" श्री घनश्याम लकान्द्री म.का.पा.स.		
" श्री मुना खवास " " " "	मुना	मुना
" श्री भक्त बहादुर भुजेल " " " "		
" श्री गंगामाया दास वडा सदस्य	गंगा	गंगा
" श्री देवी प्रसाद गुरुङ " "		
" श्री राम प्रसाद अधिकारी " "		
" श्री देविका बसेल " "		
" श्री सिताराम अधिकारी " "		
" श्री निता मगर " "		
" श्री चिनीमाया नेपाली " "		
" श्री अरुण राजवंशी " "		

Scanned with CamScanner

	२०६६।०३।१०	२०६६।०३।१९
सदस्य श्री होमचन्द्र लिम्बु, वडा सदस्य		
" श्री सबिता पुरी, " "		
" श्री दिलिपकुमार लिम्बु, " "		
" श्री श्याम प्रसाद रिजाल, " "		
" श्री लता चापागाई, " "		
" श्री मंजु देवी अधिकारी, " "		
" श्री दिपक राजवंशी, " "		
" श्री रिता दाहाल, " "		
" श्री शिला गहतराई बराल, " "		
" श्री अजय कुमार साहेवाला, " "		
" श्री प्रकाश शर्मा, " "		
" श्री विभा पासवान, " "		
" श्री पोषराज पौडेल, " "		
" श्री फुलसिंह राजवंशी, " "		
" श्री भगवती बस्नेत, " "		
" श्री लक्ष्मी परियार, " "		
" श्री निमलाल राजवंशी, " "		
" श्री ईन्द्रसिंह राजवंशी, " "		
" श्री प्रेमकुमारी गहतराई, " "		
" श्री कुन्जा कुमारी विक, " "		
" श्री नेत्र प्रसाद पौडेल, " "		
" श्री कमला अधिकारी, " "		
" श्री तुलसी पोखरेल, " "		
" श्री श्याम कुमार राउत " "		

Scanned with CamScanner

छैठौं नगर सभाका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु

१) आ.व.२०७७।०७८ को प्रस्तावित कार्यक्रम स्वीकृति सम्बन्धमा ।

२) आ.व.२०७६।०७७ का योजना तथा कार्यक्रमहरुको बजेट विनियोजन तथा खर्च अनुमोदन तथा स्वीकृति सम्बन्धमा

३) नगरपालिकाबाट स्वीकृत कार्यविधी, निर्देशिका, नीति तथा कार्यक्रमहरु अनुमोदन गर्ने

४) विनियोजन विधेयक उपर छलफल तथा पारित गर्ने

५) अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७७/०७८ उपर छलफल तथा पारित गर्ने

६) लेखा समितिको प्रतिवेदन उपर छलफल तथा पारित गर्ने ।

७) नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने

८) नगर कार्यपालिकाबाट स्वीकृत निर्णयहरु अनुमोदन गर्ने

९) विविध

Scanned with CamScanner

निर्णय नं.१

भद्रपुर नगरपालिकावाट पेश गरिएको आ.व.२०७७।०७८ को प्रस्तावित क्षेत्रगत नीति तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो । (अनुसूची १)

निर्णय नं.२

चालु आ.व.२०७६।०७७ मा योजना तथा कार्यक्रमहरु संचालन गर्ने क्रममा गरिएका बजेट विनियोजन तथा खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.३

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नगरपालिकाको कार्यक्षेत्रलाई व्यवस्थित र विधि सम्मत ढंगले संचालन गर्न विभिन्न चरणमा कार्यपालिकाको बैठकबाट स्वीकृत भई कार्यान्वयनमा रहेका तपसिलमा उल्लेखित कानून नीति, तथा कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

क्र.सं.	कानून, कार्यविधिहरु
१	भद्रपुर नगरपालिकाको घर बहाल कर नियमावली, २०७७
२	भद्रपुर नगरपालिकाको संघ संस्था नियमन सम्बन्धि कार्यबिधि, २०७७
३	भद्रपुर नगरपालिकाको कोरोना भाइरस संक्रमण, रोकथाम, व्यवस्थापन तथा उद्धार संचालन कार्यविधि,
४	भद्रपुर नगरपालिकाको नगर यूवा परिषद सञ्चालन कार्यबिधि, २०७६
५	अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७७
६	विनियोजन विधेयक, २०७७
७	भद्रपुर नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७

निर्णय नं.४

आ.व.२०७७।०७८ का लागि नगरपालिकावाट पेश भएको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७७ स्वीकृत गरी लागु गर्ने निर्णय गरियो । अनुसूची (२)

निर्णय नं.५

आ.व.२०७७।०७८ का लागि नगरपालिकावाट पेश भएको विनियोजन विधेयक, २०७७ स्वीकृत गरी लागु गर्ने निर्णय गरियो । अनुसूची (३) राख्न बाँकी

निर्णय नं.६

महालेखा परिक्षकको विभागवाट आ.व.२०७५।०७६ को सम्पन्न अन्तिम लेखा परिक्षणको प्रतिवेदन तथा यस नगर सभावाट गठित लेखा समितिबाट पेश भएको प्रतिवेदन अनुसार असुल उपर तथा सम्परिक्षण गर्ने र नियमित गर्नु पर्ने भए नियमित गरी सोको प्रतिवेदन आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.७

छैठौं नगर सभावाट पारित आ.व.२०७७।०७८ योजना तथा कार्यक्रमहरु सञ्चालन गर्नका लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

भद्रपुर नगर कार्यपालिकाको विभिन्न मितिहरुमा बसेको बैठकबाट गरिएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

क. आ.व. २०७७।०७८ को आन्तरिक आय ठेक्का बन्दोवस्त गर्न न्यूनतम अंक कायम गरी ठेक्का बन्दोवस्त गर्ने र नदीजन्य पदार्थ उत्खनन गर्न प्रारम्भिक वातावरणिय परिक्षण गर्ने प्रक्रियाको शुरुवात गर्ने निर्णय ।

Scanned with CamScanner

ख. नोवल कोरोना भाइरस कोभिड १९ को संक्रमणलाई मध्ये नजर गर्दै सो रोगको नमूना जाँच गर्नका लागि मेची अञ्चाल अस्पताल परिसरमा नै पि.सि.आर. जाँच गर्ने ल्याव स्थापना गर्न प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय ।

ग. नगरपालिकाको भवनका कोठा बहाल कर शुल्क तथा अन्य कर तथा शुल्क सम्वन्धमा छलफल गर्दा नगरपालिकाको भवनका कोठाहरुको भाडा बन्दावन्दी (लकडाउन) भएको मिति २०७६।१२।११ गतेदेखि लकडाउन रहने दिनसम्मका लागि भाडा छुट दिने ।

घ. नगरपालिकावाट असुल उपर गरिने अन्य शुल्क तथा करहरु हालको नोवल कोरोना भाइरस कोभिड १९ संक्रमणको कारण असुल उपर गर्नमा देखिएको असहजता, राजस्व संकलनमा परेको असरका कारण दिनु पर्ने राजस्व छुट मिनाहा तथा आ.व.२०७७।०७८ का लागि राजस्व संकलनका दर, शुल्क, दण्ड, जरिवाना निर्धारण लगायतका विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न नगर उपप्रमुख चन्द्रमाया श्रेष्ठको संयोजकत्वमा गठित समितिले दिएको सुझावलाई समेत आधार मानी राजस्व संकलनका दर, शुल्क, दण्ड, जरिवाना, छुट मिनाहाका लागि प्रकृया अगाडी वढाउने ।

ङ) नगरपालिकाको न्यायिक समितिवाट पेश हुन आएको आ.व.२०७६।०७७ को २०७७ जेष्ठ मसान्तसम्म गरेको कार्य प्रगति प्रतिवेदन ।

च. भद्रपुर नगरपालिकालाई बालमैत्री नगर वनाउने र सोलाई निरन्तरता दिनका लागि तयार गरिएको वालमैत्री रणनीतिक आवधिक योजना ।

छ नोवल कोरोना भाइरस कोभिड १९ को महामारीमा नगर क्षेत्रका विपन्न वर्गका व्यक्तिहरुलाई राहत उपलव्ध गराउन नगर कार्यपालिकावाट स्वीकृत दर रेट ।राहत सामग्रीको दररेट विवरण

क्र.सं	विवरण	स्पेशीफिकेशन	इकाई	दररेट	प्रति घर (४ सदस्य)		प्रति घर (४ सदस्य भन्दा माथि)	
१	चामल	मन्सुली	केजी	५०।००	१०	५००।००	१५	७५०।००
२	तेल	सनफ्लुवार	लिटर	१६५।००	१	६५।००	१	१६५।००
३	नुन	आयो	प्याकेट	२०।००	१	२०।००	१	२०।००
४	दाल	मुसुरो	केजी	११५।००	१	११५।००	१	११५।००
५	साबुन	हातधुने	वटा	३०।००	१	३०।००	१	३०।००
			प्रति घर जम्मा			८३०।००		१,०८०।००

नोट : १) दररेटमा ढुवानी भाडा समावेश गरिएको
२) दर रेटमा प्याकेजिंग स्वर्च समावेश गरिएको छैन ।

निर्णय नं.९

भद्रपुर नगरपालिकाको नगर स्तरीय विपद व्यवस्थापन कोषमा जम्मा भएको तपसिल वमोजिमको विवरण नगरसभा जानकारी गराई निम्न शिर्षकहरुमा भएका खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

विपद व्यवस्थापन कोषको आम्दानी/खर्च/मौज्दातको विवरण

क) आम्दानी तर्फ

क्र. सं.	व्यक्ति तथा सस्थाको नाम	ठेगाना	जम्मा मिति	जम्मा रकम	कैफियत
१	खातामा रहेको मौज्दात रकम	भद्रपुर नपा	२०७६।०४।०१	६४३४७७।८०	
२	भद्रपुर नगरपालिकावाट जम्मा रकम	भद्रपुर नपा	२०७६।१२।२१	१०००००।००	
३	प्रदेश सरकारवाट प्राप्त भएको रकम	प्रदेश नं. १ सरकार	२०७६।१२।२१	१५००००।००	

Scanned with CamScanner

४	झापा बेल्जियम समाज	बेल्जियम	२०७६।१२।२१	१५०००।००	
५	सिम्रिक बचत तथा ऋण सहकारी सस्था	भद्रपुर	२०७६।१२।२३	५०००।००	
६	भद्रपुर नगरपालिकाका जनप्रतिनिधि हरुको १५ दिनको सुविधा वापतको रकम	भद्रपुर नपा	२०७६।१२।२१	४३०५००।००	
७	कर्णाली बचत तथा ऋण सहकारी सस्था	विर्तामोड	२०७६।१२।२४	५०००।००	
८	झापा उद्योग संघ	भद्रपुर	२०७६।१२।२६	१००००।००	
९	नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) भद्रपुर नगर	भद्रपुर	२०७६।१२।२६	५११५१।००	
१०	हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था	विर्तामोड	२०७६।१२।२६	५१०००।००	
११	राष्ट्रसेवक बचत तथा ऋण सहकारी सस्था	भद्रपुर	२०७६।१२।२६	२५१२५।००	
१२	चन्द्रगढी सामुदायिक वन उपभोक्ता समूह	भद्रपुर	२०७६।१२।२७	५०००।००	
१३	दिदि बहिनी सचेतना महिला समुह	भद्रपुर - ८	२०७६।१२।२७	१५१५५।००	
१४	रोटरी ईन्टरनेश्नल क्लब अफ भद्रपुर	भद्रपुर	२०७६।१२।२७	०।००	२२५० के.जी. [illegible]
१५	बीरेन्द्र एलुम्नाई एसोसिएसन	काडमाडौं	२०७६।१२।२७	[illegible]०००।००	
१६	जेष्ठ नागरिक संघ भद्रपुर	भद्रपुर	२०७७।०[illegible]-३	१११११।००	
१७	विईयस ईस्टन चर्च	भद्रपुर	२०७६।१२।२८	३५०००।००	
१८	नवोदय बचत तथा ऋण सहकारी	कमल	२०७६।१२।२८	१००००।००	
१९	किच्चकबध बचत तथा ऋण सहकारी सस्था	भद्रपुर	२०७६।१२।३०	२०००५।००	
२०	साना किसान कृषी सहकारी सस्था	महेशपुर	२०७६।१२।३०	३९७५८।००	
२१	सहारा बचत तथा ऋण सहकारी संस्था	भद्रपुर	२०७७।०१।०३	१११०००।००	
२२	कर्मसिल कृषी सहकारी संस्था लि.	भद्रपुर	२०७७।०१।०३	१००००।००	
२३	समृद्धि बचत तथा ऋण सहकारी संस्था	भद्रपुर	२०७७।०१।०७	१५०००।००	
२४	नेपाल बहुउद्देश्य सहकारी सस्था	भद्रपुर	२०७७।०१।०३	०।००	२००० के.जी. चामल
२५	सुर्योदय बचत तथा ऋण सहकारी सस्था	भद्रपुर	२०७७।०१।०३	०।००	२०० के.जी. चामल
२६	भद्रपुर न.पा.का सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी हरुको तलव वापत नेपाल शिक्षक महासंघको नेतृत्वमा संकलित रकम	भद्रपुर	२०७७।०१।११	२८९६८३।००	
२७	प्रथम बहुउद्देश्य सहकारी सस्था	भद्रपुर	२०७७।०१।०९	३०००।००	
२८	साना किसान कृषी सहकारी सस्था	पृथ्वीनगर	२०७७।०१।११	४०००।००	
२९	पूर्वी नेपाल बहुउद्देश्य सहकारी सस्था (५० थान मास्क, ५० थान ग्लोवस, पि.पि.ई. ५ थान)	भद्रपुर	२०७७।०१।०३	०।००	उल्लेखित जिन्सी सामान प्राप्त

Scanned with CamScanner

३०	मदरशा अन्जुमन ईश्लामिया	भद्रपुर	२०७७।०१।११	२०००००।००	
३१	आदर्श क्रिकेट एकेडेमी	भद्रपुर	२०७७।०१।११	४९२५।००	
३२	झापा उद्योग वाणिज्य संघ	भद्रपुर	२०७७।०१।१२	५१०००।००	
३३	झापा अस्ट्रेलिया समाज		२०७७।०१।१२	७०५००।००	
३४	वसन्त पोखरेल, भद्रपुर ७	भद्रपुर ७	२०७७।०१।१३	५१००।००	
३५	महेश मित्तल भद्रपुर ८	भद्रपुर	२०७७।०१।१३	०।००	५० थान एन ९५ माक्स
३६	कैलास सरिया सरिया ईन्टरप्राईजेज	काडमाडौं	२०७७।०१।१३	०।००	५९००० थान माक्स
३७	चन्द्रगढ यातायात प्रा.लि.	भद्रपुर	२०७७।०१।१३	०।००	११०० केजी चामल
३८	श्यामबावु सिटौला समेत सपरिवार	भद्रपुर १०	२०७७।०१।१५	१०००००।००	
३९	वडाको वजेटवाट रकमान्तर गरी जम्मा		२०७७।०१।१७	१००००००।००	
४०	श्री नारायण खवास, भद्रपुर ८	भद्रपुर ८	२०७७।०२।०४	१५०००।००	
४१	भद्रपुर नगरपालिका स्वास्थ शाखामा कार्यरत कर्मचारीहरुको तलववाट	भद्रपुर	२०७७।०२।०४	२२५००।००	
४२	सेवानिवृत्त कर्मचारी समाज	भद्रपुर	२०७७।०२।०४	१०५००।००	
४३	श्री वीरेन्द्र नमुना क्याम्पस प्राध्यापक परिवार	भद्रपुर	२०७७।०१।१८	३५०००।००	
४४	सनातन धर्म सेवा समिति पृथ्वीनगर	भद्रपुर	२०७७।०२।०४	१००००।००	
४५	लेखापढी व्यवसाय वचत तथा ऋण सहकारी सस्था	भद्रपुर	२०७७।०२।०४	११०००।००	
४६	भद्रपुर न.पा.मा कार्यरत कर्मचारीहरु वाट नेपाल सरकारको नीति अनुसारको तलव कट्टी रकम	भद्रपुर	२०७७।०२।२५	३४५५२९।३२	
४७	श्रेष्ठ कन्ट्रक्सन काठमाडौं	काठमाडौं	२०७७।०२।०४	५०००।००	
४८	एन्टिओक प्रार्थना भवन पृथ्वीनगर	भद्रपुर	२०७७।०२।०४	३०३३५।००	
४९	लुम्विनी/गजुरमुखी/एपेक्स जेभी	काडमाडौं	२०७७।०१।२९	५०००।००	
५०	साहारा नेपाल चन्द्रगढी सेवा केन्द्र (२५०० केजी चामल, २०० केजी दाल, २०० लिटर खानेतेल, २०० केजी नुन,२०० थान सावुन)				उल्लेखित जिन्सी सामान प्राप्त
५१	प्रभु वैंक भद्रपुर शाखा				४२० केजी चामल
५२	लायन्स क्लव भद्रपुर (१००० केजी चामल, ५० केजी दाल,२५ लिटर खानेतेल,सावुन ५० थान,पप्कन ३०० प्याकेट)				उल्लेखित जिन्सी सामान प्राप्त
५३	कलवलगुरी कृषी सहकारी सस्था	भद्रपुर		२५०००।००	
५४	पुरुषोतम भट्टराई		२०७७।०२।२६	१४०००।००	
५५	एन.आई.सी. एशिया वैंक		२०७७।०२।२०	१००००।००	
५६	ज्ञानुदय शिक्षक वचत ऋण सहकारी		२०७७।०२।११	११५००।००	
५७	निवृत्त सेवा समाज झापा		२०७७।०२।०४	५०३३०।००	
	कूल जम्मा अम्दानी			६७२०१८५।१२	

Scanned with CamScanner

ख) खर्च तर्फ

फ. सं.	खर्च विवरण		खर्च रकम	
१	क्वारेन्टिन व्यवस्थापन खर्च (मेची अन्चल अस्पताल सहित)		८५८५१९।६८	
२	स्वास्थ्य सामाग्री व्यवस्थापन खर्च		११८२२४६।००	
३	अति विपन्न नागरिकहरुलाई राहात वितरणको लागि वडा कार्यालयहरुलाई हस्तान्तरण		३६०२५२०।००	
	कुल जम्मा खर्च		५६४३२८५।६८	
	हाल खातामा रहेको मौज्दात रकम		१०७६८९९।४४	

निर्णय नं.१०

यस नगरपालिकाबाट नगरवासीहरुलाई प्रवाह गरिने विभिन्न सेवाहरुका साथै राजस्व परिचालनलाई सूचना प्रविधिमैत्री बनाई नगरवासीहरुलाई सेवा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.११

समपुरक कोपमा रकम विनियोजन गरी प्रदेश तथा केन्द्र सरकारसँगको साझेदारी एवं सहकार्यमा योजनाहरु सञ्चालन गर्ने र यस कार्यको लागि आवश्यक गृहकार्य गरी योजनाको प्रस्ताव तयार गरी माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

नगर पूर्वाधारका क्रमागत योजनाहरुलाई निरन्तरता दिई सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं.१३

नेपाल सरकारको स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम, प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत क्रमागत रुपमा सञ्चालन हुने आयोजनाहरुका लागि आ.व.२०७७।०७८ मा सोही शिर्षकबाट आवश्यक बजेट विनियोजन गर्न अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.१४

नेपाल सरकारबाट प्राप्त विशेष अनुदान तथा समपुरक अनुदान शिर्षकमा विनियोजित बजेटबाट योजना सञ्चालनका लागि ठेक्का बन्दोबस्त भइसकेको तर कोरोना भाइरस संक्रमणको कारण नेपाल सरकारबाट घोषित लकडाउनले गर्दा योजना सम्पन्न गर्न नसकिएको हुँदा आ.व.२०७७।०७८ को लागि म्याद थप गरी योजना सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं.१५

नेपाल सरकार तथा प्रदेश सरकारबाट सशर्त अनुदान शिर्षकमा प्राप्त बजेट तथा स्थानीय पूर्वाधार विकास कार्यक्रम, प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका ठेक्का बन्दोबस्त तथा उपभोक्ता समिति मार्फत सम्झौता भई सञ्चालन भएका योजनाहरु कोरोना भाइरस संक्रमणको कारणले नेपाल सरकारबाट घोषित लकडाउनका कारण समयमा नै कार्य सम्पन्न हुन नसकेको हुँदा ती योजनाहरुलाई आ.व.२०७७।०७८ को लागि म्याद थप गरी सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं.१६

नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने पूर्वाधार विकासका आयोजनाहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आवद्ध गरी कार्यान्वयनको व्यवस्था मिलाउने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं.१७

भद्रपुर-५ मा रहेको सार्वजनिक, ऐलानी जग्गामा औद्योगिक ग्राम निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी निर्माण प्रकृया अगाडी बढाउन प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मार्फत संघीय मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

भद्रपुर न.पा. वडा नं.९ मा रहेको जग्गामा साइन्स सिटी बनाउन विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएकोले आवश्यक बजेट व्यवस्थापनका लागि प्रदेश सरकार र संघीय सरकारको अर्थ मन्त्रालय तथा राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

भद्रपुर नगरपालिका वडा नं. ५ मा हाल फोहोर विसर्जन गरिरहेको स्थानमा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भैसकेको हुँदा सोही प्रतिवेदन अनुसार दिर्घकालीन स्यानिटरी ल्याण्डफिल्ड साईट निर्माण तथा व्यवस्थित रुपमा सञ्चालन गर्ने प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. २०

राजस्व संकलन कार्यलाई थप व्यवस्थित बनाउन करदाताहरुको विवरण संकलन गरी अद्यावधिक गर्ने र राजस्वको संभाव्यताको आधारमा कर संकलन कार्यलाई अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. २१

नगरपालिकामा बढी कर तिर्ने करदाता, पत्रकारिता क्षेत्रमा उत्कृष्ट योगदान दिने व्यक्ति वा संस्था तथा उत्कृष्ट काम गर्ने उपभोक्ता समिति, उत्कृष्ट काम गर्ने कर्मचारीहरु लगायत अन्य विविध विधामा उत्कृष्ट योगदान गर्ने व्यक्ति वा संघ संस्थालाई सम्मान तथा पुरस्कृत गर्दै लैजाने निर्णय गरियो ।

निर्णय नं. २२

विभिन्न संघसंस्था तथा व्यक्तिलाई प्रदान गरिने सहायता सम्बन्धित वडा कार्यालयले आफ्नो क्षेत्र भित्र रहेका व्यक्ति वा संघ संस्थालाई मात्र वडा सिलिङ्गवाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.२३

नगरपालिकालाई सुशासनमैत्री र प्रविधीमैत्री बनाउनका लागि वडा कार्यालयहरुमा समेत इ-हाजिरीको व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं.२४

नेपाल सरकारले आ.व.२०७७/०७८ का लागि कर्मचारीहरुलाई प्रदान गरिरहेको तलब भत्ता संघीय सरकारले तोके बमोजिम यस नगरपालिकाको कर्मचारीलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.२५

यस नगरपालिकावाट संचालित योजनाहरु नोवल कोरोना भाइरस (कोभिड १९) तथा अन्य विविध कारणहरुले गर्दा तोकिएको समयमा सम्पन्न नभएकोले म्याद थप गरी कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं.२६

भद्रपुर नगरपालिकाले तयार गरेको नगर यातायात गूरुयोजना (MTMP) लाई अध्यावधिक गरी कार्यान्वयनमा सहजिकरण ल्याउन विभिन्न माध्यमवाट अनुरोध भै आएको हुँदा उक्त गूरुयोजनालाई परिमार्जन सहित अध्यावधिक गरी पेश गर्न नगर कार्यपालिकालाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं.२७

नगरपालिकाको आन्तरिक श्रोत साधन तथा राजस्व बाँडफाँडको अवस्थालाई समेत मध्यनजर गरी आ.व. २०७७।०७८ को लागि अस्थाई, करार तथा बाल विकास केन्द्रका सहायक कार्यकर्ता र विद्यालयका कर्मचारीहरुलाई

Scanned with CamScanner

सामाजिक सुरक्षा कोषमा आवद्ध गराई तपसिल अनुसार प्रोत्साहन सुविधा नगरपालिकाको तर्फवाट उपलब्ध गराउने निर्णय गरियो ।

(क) नगरपालिकातर्फको अस्थायी, करार कर्मचारीहरुका लागि सामाजिक सुरक्षा कोषमा १०% प्रतिशत थप गर्ने ।

(ख) बाल विकास केन्द्रका सहायक कार्यकर्ता र विद्यालयका कर्मचारीहरुलाई रु.५००।०० प्रोत्साहन सुविधा र १० प्रतिशत सामाजिक सुरक्षा कोषमा थप गर्ने ।

निर्णय नं.२८

हालको विषम परिस्थितिका कारण राजस्व संकलन तथा राजस्व वाँडफाँडवाट प्राप्त हुने स्रोतको अनिश्चितता भएको कारण आ.व.२०७७।०७८ का लागि विनियोजित वजेटको ३० प्रतिशतले हुन आउने रकम वराबरको योजना तथा कार्यक्रम स्रोतको सुनिश्चिता भए पश्चात मात्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.२९

भारत सरकारको सहयोगमा भद्रपुर नगरपालिका वडा नं.५ मा निर्माणको अन्तिम चरणमा रहेको कोल्ड स्टोरको निर्माण व्यवसायी सुनौला खिम्ती कन्स्ट्रक्सन प्रा.लि.लाई नगर कार्यपालिकाको बोर्ड सदस्यहरुवाट भएको स्थलगत अनुगमन एवम् पूर्वाधार विकास शाखावाट तयार गरेको बिल वमोजिमको रकम रु. ३०,८४,३३२।४३ भुक्तानी गर्ने कार्यपालिका बैठकको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.३०

यस नगरपालिकाले तयार गरेको संगठन विकास तथा व्यवस्थापन सर्वेक्षण (ONM) प्रतिवेदन अनुसार संगठन संरचना सहितको दरवन्दी स्वीकृत गर्ने निर्याय गरियो । (अनुसूची-४)

निर्णय नं.३१

यस नगरपालिकाको आ.व.२०७७।०७८ का लागि वडा स्तरीय भेलावाट प्राप्त भई विषयगत समितिमा छलफल भई प्रस्ताव भई आएका योजनाहरुका लागि आवश्यक स्रोत व्यवस्थापनका लागि सम्वन्धित निकायहरुसँग अनुरोध गर्ने निर्णय गरियो । (अनुसूची ५)

निर्णय नं.३२

कृषि पूर्वाधार तथा यान्त्रिकीकरण कार्यक्रम अन्तर्गत साना किसान तथा कृषि सहकारी संस्थाको प्रयोजनका लागि ट्रक र जेनरेटर नगरपालिकावाट नियमानुसार खरिद गरी हस्तान्तरण गर्ने र चिया प्लान्ट स्थापनाको लागि सहकारी संस्था मार्फत नै भवन निर्माण गर्ने र चिया प्याकेजिङ्गका सामाग्रीहरु सहकारी संस्थावाट नै खरिद गरी सोही संस्थामा जिन्सी दाखिला गरेको प्रतिवेदन तथा सहकारी वोर्डको कार्य सम्पन्नको निर्णय अनुसार भुक्तानीको लागि नगरपालिकामा पेश भए पश्चात भुक्तानी दिने निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आ.व.२०७६।०७७ को यस नगरपालिकामा लागु हुने गरी निर्माण सामग्री र ढुवानीको दररेट, मेशीन तथा उपकरणको भाडा, कामदारको ज्याला तथा अन्य सामग्रीहरुको दर रेट जिल्ला दर रेट निर्धारण समितिको निर्णयवाट पारित भएको दर रेटलाई नै यस नगरपालिकामा लागु गरिएकोमा उक्त दररेट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३४

यस नगरपालिकाको छैठौं नगरसभामा प्रस्तुत भएका तपसिलमा उल्लेखित विशेष प्रस्तावहरुलाई ग्राह्यता दिई उक्त प्रस्तावहरुमा उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

१. यस नगरपालिकामा संचालन हुने तपसिल बमोजिमका योजनाहरुको बहुवर्षिय खरिद योजना स्वीकृत गरी श्रोतको सुनिश्चितता गर्न प्रदेश तथा संघीय सरकारसँग माँग गर्ने ।

तपसिल

- भद्रपुर २ को कमलधाप पर्यटकीय क्षेत्र
- भद्रपुर-९ को साईन्स सिटी निर्माण
- भद्रपुर ६ मा नगरपालिकाको निर्माणाधिन प्रशासनिक भवन
- भद्रपुर वडा नं.२, ७, ३, ६, ८ र ९ को वडा कार्यालय भवन निर्माण र सो कार्यालयसम्म जाने सडक स्तरोन्नतिका लागि बजेट माँग गर्ने
- भद्रपुर ५, ६ र ८ को संगमदेखि भंसारसम्मको मुख्य सडक विस्तृत परियोजना (DPR) अनुसार स्तरोन्नतिका लागि विशेष बजेट प्रदेश सरकारसँग माँग गर्ने
- भद्रपुर वडा नं. ५, ६, १० मा आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण गर्ने

२. मेची लोक मार्ग, मेची पुलदेखि रंगेडाडासम्मको हुलाकी बाटो र सो बाटो अन्तरगतका विद्युतिय पोल तार, खानेपानी र टेलिफोनका कार्यहरु स्तरोन्नति गर्दा समन्वयात्मक ढंगबाट द्रुत गतिमा निर्माण सम्पन्न गर्न सम्बन्धित विभाग तथा मन्त्रालयसँग अनुरोध गर्ने।

३. हुलाकी सडक आयोजना अन्तर्गत निर्माणाधिन भद्रपुर–केचना सडक खण्डको भद्रपुर नगरपालिका क्षेत्र भित्र सडकको सेड ब्याक क्षेत्रमा पर्ने घर तथा जग्गाको क्षतिपूर्ति सहित मुआव्जाको लागि स्थानीयवासीको माँग, राजनैतिक दल एवम् सरोकारवालाहरुसँगको छलफल तथा राय परामर्शको आधारमा सम्बन्धित निकायमा पुनः अनुरोध गर्ने ।

४. समपुरक कोषमा रकम विनियोजन गरी प्रदेश तथा संघीय सरकारसँगको साझेदारी एवं सहकार्यमा योजनाहरु सञ्चालन गर्ने र यस कार्यको लागि आवश्यक गृह कार्य गरी योजनाको प्रस्ताव तयार गरी माँग गर्ने।

५. चन्द्रगढी बजारमा सपिङ्ग कम्प्लेक्स बनाउन विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारीको अन्तिम चरणमा रहेको हुँदा उक्त सपिङ्ग कम्प्लेक्स निर्माणका लागि प्रदेश सरकार र नगर विकास कोषसँग ऋण सहयोगको लागि प्रक्रिया प्रारम्भ गर्ने।

६. आधुनिक बसपार्क तथा टर्मिनल निर्माण गर्न जग्गाको व्यवस्था गरी विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने गरी प्रदेश तथा संघीय सरकारको सहकार्य तथा नगर विकास कोषसँगको ऋण अनुदानमा संचालन गर्न माग गर्ने ।

७. भद्रपुर वडा नं.५ मा रहेको सार्वजनिक-ऐलानी जग्गामा औद्योगिक ग्राम निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी निर्माण प्रकृया अगाडी बढाउन प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मार्फत संघीय मन्त्रालयमा अनुरोध गर्ने र सो जग्गाको उत्तरतर्फको जग्गामा अखिल नेपाल फूटबल संघको लगानीमा फुटबल ट्रेनिङ्ग सेन्टर बनाउन माँग गर्ने।

८. भद्रपुर नगरपालिकाको मुख्य समस्याको रुपमा रहेको फोहोर व्यवस्थापनका लागि ल्याण्डफिल साईटको विस्तृत परियोजना प्रतिवेदन (DPR) वैदेशिक सहयोगी संस्था समेतको प्राविधिक सहयोगमा संसोधन कार्य पुरा गरी नेपाल सरकार मार्फत डेनमार्कका दातृसंस्थाहरुको सहकार्यमा संचालन गर्न माँग गर्ने।

९. भद्रपुर वडा नं.५ मेची नदी, भद्रपुर वडा नं. २ र भद्रपुर वडा नं.१० देउनियामा सुविधायुक्त शवदाह गृह निर्माणका लागि प्रदेश तथा संघिय सरकारसँग माग गर्ने।

१०. भद्रपुर वडा १ को शसस्त्र प्रहरी बल बिओपि पोष्ट पृथ्वीनगरको परिसरमा कचनकवलवासी समेतको समस्याको रुपमा रहेको सर्पदंश उपचार केन्द्र निर्माणका लागि बजेट सहयो। प्रदेश तथा संघीय सरकारसँग माग गर्ने।

११. भद्रपुर वडा नं.५ मा निर्माणाधिनमा रहेको कोल्ड स्टोर निर्माण तथा संचालन गर्ने व्यवस्थापन सहितको बजेट माँग भारतीय दूतावाससँग माँग गर्ने।

Scanned with CamScanner

१२. सघन शहरी विकास कार्यक्रम अन्तर्गत छुटेका नगरका मुख्य शहरी सडकहरु निर्माण गर्न अति आवश्यक भई पटक-पटक माँग गरी पठाइएकोले पुनः योजनाका लागि थप बजेट माँग गर्ने।

१३. नगरपालिका क्षेत्रमा नमूना विद्यालय बनाउने कार्यक्रम सरकारसँग माँग गर्ने र स्विकृत भएको हिमाली मा.वि. प्यु शिक्षामा थप प्राविधिक सुविधा सहित अनुदानको माँग गर्ने।

१४. नगर क्षेत्रका विद्यालयहरुमा कार्यरत बाल-शिक्षक र विद्यालय कर्मचारीहरुलाई श्रमको न्यूनतम मूल्य व्यवस्थापनका लागि प्रदेश सामाजिक विकास मन्त्रालय तथा संघीय सरकार माँग गर्ने।

१५. विद्यालयको नाममा दर्ता रहेको जग्गा समेत विभिन्न व्यक्ति तथा समुहले जोतभोग गरी व्यक्तिको नाममा दर्ताको प्रकृयामा भूमी सुधार कार्यालय लगायतमा कार्यवाही भैरहेकोले सोको खारेजी र विद्यालयको स्वामित्वमा दर्ता र भोगचलन गर्न गराउन, राजनैतिक दलहरु, सरोकारवाला एवम् गृह प्रशासन समेतसँग सहयोग माँग गर्ने।

१६. भद्रपुर नगरपालिकाको पाँचौ नगरसभाबाट छिमेकी पालिकाहरु र भारतसँगका सीमा यकिन गरी दिन नेपाल सरकार नापी विभागसँग र मेची पूल पारीको खण्ड हाल भद्रपुर वडा नं.७ नं.को श्रेस्तामा भएकोले सो वडालाई समायोजन गरी भद्रपुर वडा नं.५ कायम गर्न र छिमेकी पालिकाह समेतको सीमा यकिन गर्न सरकारसँग माँग गर्ने।

१७. भद्रपुर भन्सारको स्तरोन्नती गरी आधुनिक सुविधा सम्पन्न बनाउन जग्गा अधिकरण कार्य तत्काल गरी निर्माण गर्न र सदियौँ देखि बिहारको गलगलिया प्रवेश नाकाको रुपमा भएकोले सो नाकालाई प्रवेश नाका बनाउन संघीय सरकारसँग माँग गर्ने।

१८. मेची रंगशालाको स्तरोन्नतिको कार्यलाई थप योजनाबद्ध रुपमा लैजान र उक्त रंगशालाई प्रदेश स्तरीय रंगशालाको रुपमा विकास गर्न प्रदेश तथा संघीय सरकारसँग बजेट माँग गर्ने र मेची रंगशाला स्थानीय तहले संचालन तथा व्यवस्थापन गर्ने गरी अधिकार प्रत्यायोजन गर्न सरकारसँग माग गर्ने।

१९. मेची अंचल अस्पतालमा कोभिड-१९ अस्पताल संचालनमा चाँडै ल्याउन र सो अस्पतालबाट प्रदान गरिने स्वास्थ्य बीमा सेवालाई जनमैत्री बनाउनका साथै आर्चरी सेवाके शरुवात गर्न सम्बन्धित निकायमा माँग गर्ने।

२०. भद्रपुर वडा नं.८ मेची रंगशाला छेउमा निर्माणाधीन जिपी मेमोरियल भवनको निर्माण सम्पन्न गर्न र निर्माण पश्चात संचालन गर्ने अख्तियारी समेत स्थानीय सरकार भद्रपुरमा हस्तान्तरणका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारसँग माँग गर्ने।

२१. भद्रपुर वडा नं.३ को अरनिको मा.वि.को निर्माण कार्य अविलम्ब सम्पन्न गरी छाना बिहिन बालबालिकाको सुरक्षा गर्ने र भद्रपुर-३ कै भाडबारी जाने झोलुङ्गेपुल निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याउन माँग गर्ने।

२२. पुष्पलाल रिंगरोडको भद्रपुर-बैसाबारी खण्डको किचकवधमा दुवैतर्फ सडक कालोपत्रे भएको तर देउनिया नदीमा पक्की पूल नभएकोले पूल निर्माणका लागि संघीय तथा प्रदेश सरकारसँग गर्न माँग गर्ने।

२३. वीरेन्द्र नमूना क्याम्पसको भवन संचालनमा ल्याउन अति आवश्यक भएकोले निर्माण कार्यका लागि थप बजेट विनियोजनका लागि प्रदेश सरकार सँग माग गर्ने।

२४. चन्द्रगढी, भद्रपुर र ज्ञाने चौक समेतका वधशाला अव्यवस्थित भएकोले स्तरोन्नति गरी व्यवस्थित गर्न प्रदेश सरकारसँग अनुरोध गर्ने।

२५. नगरका विभिन्न वडामा हालसम्म पनि नेपाल टेलिकमका सेवा पहुँच नभएकाले टेलिकमसँग तत्काल टावर राखी भद्रपुरको नेटवर्क विस्तार तथा क्षमता वृद्धि गर्न माँग गर्ने।

२६. भद्रपुर नगरपालिका आदिवासी सन्थाल-राजवशी बाहुल्य क्षेत्र भएकोले संग्रहालय निर्माण गर्न बजेट माँग गर्ने।

२७. नेपाल-भारतको सीमा क्षेत्रमा भारतीयहरुले सदियौँदेखि खेती गर्ने नेपाली कृषकहरुलाई खेती गर्न नदिने तर नेपाल तर्फ भारतीयले भने खेती गरिरहेकोले आफ्ने जमीनमा स्वाभिमान पूर्वक खेती गर्न पाउने पर्ने अधिकारलाई सुनिश्चितता गर्ने।

Scanned with CamScanner

२८. झापा जिल्ला कारागारको संरचना धेरै पुरानो र अवैज्ञानिक ढंगले निर्माण भई हाल सो कारागारमा क्षमता भन्दा बढी कैदी बन्दी राखिएकोले उत्सर्जित फोहोरका कारण बस्न र गाँउघर समेतमा फोहोरको प्रभाव परी सोको सभाधानका लागि पटक पटक बहस भएकोमा समस्या समाधान नभएकोले तत्काल सुव्यवस्थित गर्न संघीय सरकारसँग माँग गर्ने ।

२९. जनताको तटबन्ध कार्यालयको सदरमुकाम बचाउँ कार्यक्रम अन्तर्गत मेची नदी, देउनिया, हडिया-निन्दा नदीले जनधन-भूक्षयमा पुर्याएको क्षति रोक्न र जलश्रोत तथा सिचाई डिभिजन कार्यालय मार्फत झिलमिलिया खोलाले पुर्याएको भद्रपुर बजार खण्डको तटबन्धन गरी बस्ती बचाउन योजना समयमा संचालनका लागि माग गर्ने।

३०. नगर प्रमुखसँग सन्थाल आवास कार्यक्रम निरन्तर संचालन गर्न आवश्यक बजेट राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयसँग माँग गर्ने।

३१. पुष्पलाल रिंडरोड, नगर नमूना मार्ग र बन पथ निर्माण कार्यमा आवश्यक बजेट व्यवस्थाका लागि सरकारसँग माँग गर्ने।

३२. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रममा र नेपाल सरकारका विभिन्न परियोजनाहरु संचालनका लागि नगर क्षेत्रमा विनियोजन हुने बजेट तथा कार्यक्रम नगरको संस्थागत निर्णयलाई आधार बनाई प्राथमिकता दिन प्रदेश तथा संघीय सरकारसँग माँग गर्ने।

३३. चिया खेती तथा सोसँग सम्बन्धित उद्योगका साथै साना चिया किसानहरुको प्रबर्द्धनका लागि प्रदेश तथा संघीय सरकारसँग माँग गर्ने।

३४. सीमा क्षेत्रका जग्गा अतिक्रमण रोक्न र सीमा क्षेत्रमा परेका जग्गा जोतभोगका बिषयमा भारतीय पक्षबाट हुने हस्तक्षेपकारी भूमिका रोक्न तथा सीमा सुरक्षाका लागि सशस्त्र सीमा प्रहरीका पोष्ट निर्माणका लागि संघीय सरकारसँग माँग गर्ने।

३५. नगर क्षेत्रको घर नम्बरिङ गरी व्यवस्थित गर्न सफ्टवेयर निर्माण तथा प्रशोधनका लागि सहयोग गर्न संघीय सरकारसँग माँग गर्ने ।

३६. झापा जिल्लाको सदरमुकाममा रहेको नगरपालिकाले विभिन्न छिमेकी गाँउपालिका लगायतका क्षेत्रहरुमा अग्नी नियन्त्रणका लागि दमकलको सेवा पुर्याउनु पर्ने र भएको दमकल धेरै पुरानो भएकोले प्रदेश तथा संघीय सरकारसँग माँग गर्ने।

३७. पूर्वी खुल्ला भारतीय सीमा जोडिएको र सदरमुकामको पालिका भएकोले कोभिड-१९ को संक्रमण व्यवस्थापनका लागि अति महत्वपूर्ण एक एम्बुलेन्स नगरपालिकालाई उपलब्ध गराउन सम्बन्धित निकायमा माँग गर्ने।

३८. नगरका महत्वपूर्ण धार्मिक, ऐतिहासिक, पर्यटकिय क्षेत्रहरुको संरक्षण, सम्बर्द्धनका लागि सूचिकृत गरी प्राथमिकतासाथ योजनामा समावेश गरी दिन हुन प्रदेश तथा संघीय सरकारसँग माँग गर्ने।

३९. नगर क्षेत्रका सार्वजानिक शौचालय पुर्नव्यवस्थित गर्न र सदरमुकाम क्षेत्रमा सार्वजानिक शौचालय निर्माण कार्यका लागि सहयोग प्रदेश तथा संघिय सरकारसँग माँग गर्ने।

४०. भद्रपुर नगरपालिका क्षेत्रमा संचालनमा रहेको पशु हाट बजार भद्रपुर-६ को नयाँ स्थानमा आधुनिक पशु बजार निर्माण र व्यवस्थापपन गर्न प्रदेश सरकारसँग माँग गर्ने।

४१. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाका योजनाहरुलाई नगर क्षेत्रमा प्रभावकारी बनाउन र कृषि उत्पादनको उचित मूल्यको सुनिश्चित गर्न बिक्री केन्द्र स्थापना गरी किसानलाई सहयोग गर्न सरकारसँग माँग गर्ने।

४२. भद्रपुर-२ देखि भद्रपुर-९ सम्मका क्षेत्रमा सोलर फेन्सिङ्गको निर्माण कार्य द्रुत मार्गमा गरी सदरमुकाम क्षेत्रमा हात्तीले वर्षेनी पुर्याउदै आएको जनधनको क्षति रोक्न राष्ट्रिय प्राकृतिक संरक्षण कोष (एनटिएनसि) सँगको कार्य निरन्तरताका लागि र मानव-हात्ती द्वन्द्वबाट मृत्यु हुनु भएका तथा वन इलाका, ऐलानी जमीनमा बसोबस गर्नु हुने सुकुम्बासीहरुले क्षतिपूर्ति पाउने व्यवस्था नगरपालिका मार्फत भुक्तानी गर्ने व्यवस्था हुन संघीय सरकारसँग माँग गर्ने।

४३. व्यवस्थित शहरीकरणका लागि अति आवश्यक ढल निकासको व्यवस्थापनको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी शुरु भई स्थगित रहेकोले सो कार्यका लागि सम्बन्धित खानेपानी तथा सरसफाई डिभिजन कार्यालय मार्फत विभागमा योजना माँग गर्ने।

Scanned with CamScanner

४४. वितामोडबाट भद्रपुरको लेखनाथ चोकसम्मको बाटो ठेक्का लागी चार लेनको सडक निर्माण कार्य हुने भएकोले सो योजनामा भद्रपुरको मेची पूल र चन्द्रगढी विमानस्थलसम्म कनेक्टिभिटि बढाउन संघीय सरकारसँग माँग गर्ने।

४५. वडा कार्यालय तथा आधारभूत स्वास्थ्य केन्द्र जाने सडक निर्माणका लागि संघीय तथा प्रदेश सरकारसँग माँग गर्ने।

४६ भद्रपुर वडा नं. ८ मा रहेको मेची प्रादेशिक अस्पताल कोभिड-१९ को पिसिआर नमूना संकलन तथा परिक्षण सेवा र उपचार केन्द्रको सेवा विस्तार हुने स्थलको पूर्व-पश्चिम र उत्तर-दक्षिणको सडक र नालाबाट पानीको बहाव नभएकोले आवागमनमा कठिनाई भएकोले प्रदेश तथा संघीय सरकारसँग सडक स्तरोन्नतिका लागि माँग गर्ने।

Scanned with CamScanner

अनुसूची १

(निर्णय नं.१ सँग सम्बन्धित)

आर्थिक विकासतर्फ

क) कृषि

- कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण एवं प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षाका साथै स्वरोजगारको अवसर सिर्जना गर्ने। कोभिड १९ का कारणले सिर्जित अवस्थालाई मध्यनजर गरी भद्रपुर नगरपालिकामै पर्याप्त तरकारी, तथा मासु उत्पादनमा प्राथमिकता दिइनेछ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, धान सुपरजोन, मकै पकेट-जोन जस्ता कार्यक्रमहरुलाई विशेष प्राथमिकताका साथ संचालनमा ल्याउन सरकारसँग समन्वय गरिनेछ।
- हुलाकी सडकसँग जोडिएका क्षेत्रहरुमा पशु अस्पताल तथा भेटनरी कार्यालय मार्फत संचालन हुने कार्यक्रम प्रदेशसँगको सहकार्यमा संचालनमा ल्याइनेछ।
- कृषिलाई प्रविधि-मैत्री बनाउने र कृषि योग्य जमीनमा वर्षभरी सिंचाई सुविधा उपलब्ध गराउन साना सिंचाई, सौर्य सिंचाई लगायतका प्रविधि र प्रणालीलाई निरन्तरता दिईनेछ ।
- दुध, माछा, मासु, खाद्यान्न, फलफूल, तरकारी आदिको व्यवसायिक उत्पादनका लागि विशेष उत्पादन क्षेत्रहरु तोकी समूह र सहकारी मार्फत उत्पादन तथा बजारीकरण गर्दै आत्मनिर्भर बनाउदै लगिनेछ।
- "पशुधन भद्रपुरेपन" भन्ने नारालाई भद्रपुरको सम्मानसँग जोडेर गाई र बाख्राको नश्ल सुधार गर्न एआई निशुल्क रुपमा संचालनका लागी आवश्यक नाइट्रोजन बक्स, सिमन नगरपालिकाले उपलब्ध गराउने र सो कार्यमा हिमाली मा.वि. पशु विज्ञानका प्राविधिकहरुको परिचालन गर्ने नीति लिइनेछ।
- "हाम्रो कृषि हाम्रो गौरव र श्रमिकको सम्मान, नगरपालिकाको अभियान" जस्ता नारालाई सार्थक तुल्याउदै लगिनेछ।
- नगर भित्र रहेका व्यवसायिक कृषि पेशामा संलग्न व्यक्ति, फर्म, कृषक समूह, कृषि उद्यमी, व्यवसायिक संघ-संगठनहरु सूचीकृत गर्न कार्यक्रम संचालन गरिनेछ।
- सहकारी मार्फत कृषकहरुलाई सहज रुपमा सहुलियत पूर्ण कृषि ऋण अनुदानको व्यवस्था गरी सहकारितामा आधारित सामूहिक खेती प्रणाली प्रबर्द्धन गरिनेछ।
- कृषि संकलन केन्द्र स्थापना गरी नगरपालिका भित्रका उत्पादनहरूलाई प्रबर्द्धन गरिनेछ।
- भूमि बैंकको अवधारणालाई लागु गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ। विद्यालय, प्रतिष्ठान, सार्वजनिक तथा नीजि व्यक्तिहरुको बाँझो जग्गाहरुको पहिचान गरी त्यस्ता जग्गाहरुमा सामुहिक खेती, फलफुल, खाद्य बाली लगाई नगरलाई तरकारी, फलफूल तथा खाद्यान्नमा आत्मनिर्भर बनाइनेछ।
- "बगाउँ पसिना आफनै माटोमा " भन्ने नाराका साथ युवालाई कृषि पेशामा आकर्षित गर्न र वास्तविक किसानको पहिचान गर्न नगरबाट परिचय-पत्र वितरण गरिनेछ। किसानहरुबाट उत्पादन भएका कृषिजन्य उत्पादनलाई बिक्रीका लागि छुट्टै पहिचान सहितको स्टलको व्यवस्था गरिनेछ।
- कृषि वस्तु उत्पादन हुने क्षेत्र पहिचान गरी उत्पादन र उत्पादकत्व बढाउने गरी सामूहिक वा सहकारी प्रणालीद्वारा भौतिक पूर्वाधार, माटो-सुधार, उपकरण, मल, बीउ, तालिमको व्यवस्था गरिनेछ।
- शिक्षित बेरोजगार युवालाई कृषि पेशामा आकर्षित गराई स्थानीयस्तरमा रोजगारी सिर्जना गरिनेछ।
- कुखुरा तथा अण्डा उत्पादन गर्ने कृषकलाई प्रबर्द्धन गरी अण्डामा आत्मनिर्भर बनाउन प्राथमिकताका साथ कार्यक्रम संचालन गरिनेछ।
- सहकारीहरुसँग समन्वय गरी सुपथ मूल्य नमूना बिक्री कक्ष सञ्चालन गरिनेछ।
- कृषि बाली तथा पशुधन बीमा सम्बन्धी सरकारी स्तरको कार्यक्रम जनस्तरसम्म पुऱ्याइनेछ ।

ख) रोजगारः

- रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई नगरबाट संचालित हुने लघु-उद्यम, कृषि, भेटनरी, सिपमुलक तालिममा उच्च प्राथमिकताका साथ सहभागी गराई स्वरोजगारी तथा रोजगारी सृजना गरिनेछ।

Scanned with CamScanner

- वैदेशिक रोजगारबाट फर्कने दक्ष तथा अन्य क्षमताका श्रमिकहरुको अभिलेख वैदेशिक सुरक्षित आप्रवासन कार्यक्रम (सामी परियोजना) मार्फत व्यवस्थित गरिनेछ।
- विदेशबाट फर्किएका तथा स्वदेशमै सिप र तालिम प्राप्त सूचिकृत बेरोजगारलाई नगर तथा वडाको जमानतमा कर्जा उपलब्ध गराउन वित्तिय संस्थाहरुसँग समन्वय गरिनेछ।
- नगर भित्र संचालित उद्योग, व्यवसायिक फर्म, होटल व्यवसाय, चिया कारखाना, निजी विद्यालय लगायत व्यवसायिक प्रयोजनका लागि संचालित फर्महरुमा काम गर्ने कर्मचारीहरुको तथ्याङ्क विवरण रोजगार सेवा केन्द्रमा अध्यावधिक गर्न लगाई सिप र क्षमताको आधारमा श्रमिकहरुको वर्गिकरण गरी नगरबाट परिचय पत्र प्रदान गरिनेछ। विदेशी श्रमिकहरुको प्रयोग भएको खण्डमा नेपाल सरकारको स्वीकृति अनिवार्य गरिनेछ।
- भद्रपुर नगरपालिकाले यस नगरपालिका भित्र प्रति वर्ष श्रम बजारमा आउने मानिसहरुको तथ्याङ्क आंकलन तथा विदेशबाट नेपालमा फर्की आएका तथा स्वदेशमा रोजगारी गुमाएका बेरोजगार व्यक्तिहरुलाई रोजगार सेवा केन्द्रमा सुचिकृत गराई प्रदेश, नगर, वडाबाट संचालित आयोजनामा सम्झौतामै सुचिकृत बेरोजगारलाई रोजगारी प्रदान गर्ने शर्त उल्लेख गरी विशेष प्रथामिकताका साथ रोजगारी प्रदान गरिनेछ।
- रोजगार सेवा केन्द्रलाई श्रम बैंक बनाउने नेपाल सरकारको नीति अनुरुप सबै बेरोजगार व्यक्तिहरुलाई आफ्नो शिप, क्षमता, योग्यता उल्लेख गर्न लगाई रोजगार सेवा केन्द्रमा सुचिकृत गर्ने अभियान संचालन गरिनेछ। नगर भित्र संचालनमा रहेका व्यवसायिक प्रतिष्ठानहरुलाई आवश्यक पर्ने कर्मचारीको विवरण रोजगार सेवा केन्द्रमा पठाउन अनिवार्य गरिनेछ।

ग) उद्योग तथा वाणिज्यतर्फ

- कृषिमा आधारित तथा चाँडै प्रतिफल दिने उद्योगहरूको स्थापनालाई विशेष प्राथमिकता दिइनेछ।
- उद्यमशिलताको लागि लघु उद्यम विकास तथा सहयोग कार्यक्रम संचालन गर्न पहलकदमी गरिनेछ।
- उद्यमीहरुको क्षमता अभिवृद्धि गर्न विज्ञद्वारा तालिम संचालन गरिनेछ।
- उपलब्ध कच्चा पदार्थको आधारमा (कृषि,वन, वनस्पति, जडिबुडी) कृषि उद्योग स्थापनाका लागि आवश्यक कार्य गरिनेछ।
- आयातलाई विस्थापन गरी निर्यातजन्य वस्तु उत्पादन गर्ने उद्योगहरु स्थापनाका लागि विशेष पहलकदमी गरिनेछ।
- नेपाली नागरिकलाई रोजगारी प्रदान गर्नका लागि उद्योगी-व्यवसायीहरूसँग आवश्यक प्रक्रिया अघि बढाइनेछ।

घ) पर्यटन

- पर्यटन पूर्वाधारको विकास तथा विस्तारलाई पर्यटन गुरुयोजना अनुसार बजेट सुनिश्चत गरी परियोजनालाई निरन्तरता दिइनेछ।
- पुरातात्त्विक महत्त्वका धार्मिक तथा ऐतिहासिक स्थलको संरक्षण गरी पर्यटन पूर्वाधार निर्माण गर्न विशेष पहल गरिनेछ।
- नगर क्षेत्र भित्रका किचकबध, कमलधाप, चन्द्रगढ जस्ता प्रमुख पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण र विकासका साथै प्रबर्द्धनमा विशेष जोड दिइनेछ, साथै सामुदायिक वन क्षेत्रमा रहेका अन्य सिमसार क्षेत्रहरू लगायत नगर क्षेत्र भित्र मनोरञ्जन पार्क, बाल उद्यान, साइन्स सिटी, पिकनिक स्थल लगायतका पूर्वाधार निर्माण गर्न प्रदेश र संघीय सरकारसँग सहकार्य अघि बढाइनेछ।
- नगर क्षेत्र भित्र रहेका विभिन्न साँस्कृतिक सम्पदाहरूलाई उपयोग गरी साँस्कृतिक पर्यटनको प्रबर्द्धन र विकास गर्न आवश्यक कार्य गरिनेछ।
- सन्थाल, राजवंशी, थारु लगायतका आदिवासी जातजातिको मौलिक संस्कृति संस्कारको जगेर्ना र सो समुदायको क्षमता अभिवृद्धि गर्ने र त्यस्ता क्लष्टरहरुमा पहिचानयुक्त होमस्टे सहितको पर्यटनलाई प्रबर्द्धन गरिनेछ।

पूर्वाधार विकासतर्फ

क. भौतिक पूर्वाधार तथा यातायात

- क्रमागत योजना सम्पन्न गर्न प्राथमिकता दिइनेछ।
- नगर गौरवका योजना वन पथ, पुष्पलाल रिङ्ग रोड र नगर स्तरिय पूर्वाधार (५५ लाखे) नमूना मार्गहरू निर्माणको कार्यलाई निरन्तरता दिइनेछ।

Scanned with CamScanner

- नगर क्षेत्रका धार्मिक, साँस्कृतिक, पर्यटकिय र ऐतिहासिक स्थलहरु हाम्रा सम्पदा र सँस्कृतिको रुपमा सम्बर्द्धन तथा प्रबर्द्धन गर्ने नीति मार्फत नगरका कार्यक्रमहरु निर्देशित रहनेछन्। प्रदेश तथा संघीय सरकारको बजेट तथा कार्यक्रममा समेट्न समन्वयात्मक भूमिका मार्फत अगाडि बढाइनेछ।
- शहरी विकास मन्त्रालय अन्तर्गत संचालित सघन शहरी विकास कार्यक्रममा समावेश हुन नसकेका शहरी मुख्य सडकहरुको पुर्नप्राथमिकिकरण गरी योजनामा समावेश गर्न, ड्रईङ्ग डिजाइनमा त्रुटी भई अधुरो रहने योजनालाई थप गर्न र बिर्तामोड-भद्रपुर फोर लेन सडकलाई भद्रपुर भन्सारसम्म पहुँच पुऱ्याउन आवश्यक कार्यलाई निरन्तरता दिइनेछ।
- मेची पूल पारी रहेको खाली जमीनमा नेपाल प्रवेश स्थलमा सुरक्षा पोष्ट बनाउन, सुन्दर पार्क र राष्ट्रिय झण्डा राख्न आवश्यक पूर्वाधार विकास गरिनेछ।
- नगरसभाबाट पारित भएका एकीकृत सघन शहरी विकास योजना (IUDP), भू-उपयोग गुरूयोजना (Land-Use Master Plan), नगर यातायात गुरूयोजना (MTMP), पर्यटन गुरूयोजना (Tourism Master Plan) अनुरूप नगरपालिकाका कार्यहरूलाई संघ तथा प्रदेश सरकारको कार्यक्रमसँग अन्तरसम्बन्धित गरी अघि बढाइनेछ र औद्योगिक ग्राम गुरूयोजना तयार गरी यसै आ.व. मा संचालन गर्न संघीय सरकारलाई अनुरोध गरिनेछ।
- विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भई कार्य प्रारम्भ भइसकेका बहुवर्षीय परियोजनाहरू सम्पन्न गर्न विशेष जोड दिइनेछ तथा शुरू हुन बाँकी परियोजनाहरू सुचारू गर्न आवश्यक पहलकदमी गरिनेछ।
- झोलुङ्गे पूलहरु निर्माणको निरन्तरता, किचकबध लगायतका आवागमन अवरोध भएका ठाउँहरूमा आवश्यक पूल तथा कल्भर्टहरूको निर्माणका लागि प्रदेश तथा संघीय सरकारसँग अनुरोध गरिनेछ।
- राष्ट्रपति चुरे मधेश संरक्षण कार्यक्रम अन्तर्गत किचकबध खण्डमा निर्माणाधिन पोखरी सुधारको कार्यलाई अघि बढाइनेछ।
- सडक सुशासन र सुरक्षाका लागि नवनिर्मित सडकहरूमा क्याट-आइ र चोकहरूमा सिसिटिभी क्यामेरा जडानको कार्यलाई अघि बढाइनेछ।
- नगरपालिका क्षेत्रका सम्पूर्ण बस्तीहरूलाई यातायात गुरूयोजना अनुसार सडक सञ्जालमा जोड्ने कार्यलाई निरन्तरता दिइनेछ।
- नगरपालिकाका वडा प्रशासनिक भवन, आधारभुत स्वास्थ्य केन्द्र, ज्येष्ठ नागरिक चौतारी तथा योग साधना भवन, गाउँघर खोप क्लिनिक निर्माणमा प्रदेश तथा संघीय सरकारको स्रोतको माग गर्दै निर्माण कार्य पुरा गरिनेछ।
- नगर पूर्वाधार, स्थानीय पूर्वाधार विकास कार्यक्रम लगायतका पूर्वाधार निर्माणका योजनाहरू उपभोक्ता समिति मार्फत संचालन गरिनेछ।
- नगर-प्रमुखसँग सन्थाल आवास, जनता आवास, सुरक्षित नागरिक आवास कार्यक्रम निरन्तरताका लागि प्रदेश तथा संघीय सरकारसँग बजेट सुनिश्चितता गर्ने माँग गरिनेछ।
- भद्रपुर नगरपालिकाको नवनिर्मित भवनमा घेराबेरा सहित तला थप गरी यसै आ.व. बाट संचालनमा ल्याइनेछ।
- भद्रपुर ६ मा पशु हाट व्यवस्थापनका कार्य यसै आ.व. मा सम्पन्न गरिनेछ।
- चन्द्रगढी विमानस्थललाई अत्याधुनिक र सुविधा सम्पन्न बनाउनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तयार पारेको विस्तृत परियोजना प्रतिवेदन (DPR) मा आवश्यक परिमार्जन गरी निर्माण कार्यलाई अघि बढाउन पहल गरिनेछ।
- नगर क्षेत्र भित्र निर्माण हुने सार्वजनिक संरचनाहरुको विवरण तयार गर्ने, समावेश डिजाइन अनुसार र घर नक्शा पास प्रकृयालाई वैज्ञानिक र व्यवस्थित गरिनेछ ।

ख) विद्युत, वैकल्पिक उर्जा तथा सञ्चार,

- विद्युत चुहावट रहित नगरपालिकाको रूपमा भद्रपुर नगरपालिका घोषणा भएकोले विद्युत प्राधिकरणसँगको समन्वयमा सडक बत्तीको अलग्गै तार विस्तार गरी मिटर प्रणालीमा लैजान आवश्यक कार्य गरिनेछ।
- मुख्य चोकहरू, पर्यटकीय क्षेत्रहरू लगायतका स्थानहरूमा सौर्य बत्तिको जडान गर्ने प्रक्रियालाई निरन्तरता दिइनेछ।
- गोबर ग्याँस र धुवाँ रहित चुल्होको वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र मार्फत व्यवस्थापन गरी कार्यक्रम अघि बढाइनेछ।

Scanned with CamScanner

सामाजिक विकासतर्फ

क) शिक्षा

कोभिड-१९ बाट सिर्जित अवस्था अनुसार सम्पूर्ण विद्यार्थीहरूको पहुँचसम्म पुग्न सक्ने गरी शैक्षिक गतिविधीहरू संचालन गरिनेछ।

- प्राविधिक तथा व्यवसायिक शिक्षामा नागरिकको पहुँच बढाई दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न कार्यक्रम ल्याइनेछ। विद्यालय शिक्षामा विद्युतीय शिक्षामा जोड दिइनेछ।
- सिकाइ र शिक्षण प्रक्रियाका लागि सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ।
- नक्साङ्कनका आधारमा अनावश्यक स्थानमा रहेका विद्यालयहरुलाई समायोजन गरिनेछ।
- क्षेत्रगत रूपमा विद्यालयहरूलाई ४ वटा क्लष्टरमा विभाजन गरी बाल विकास कक्षा लगायतका कार्य विशिष्टीकृत गर्दै लगिनेछ।
- शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई समयानुकूल पुनर्ताजगी तालिम प्रदान गरिनेछ
- नगर क्षेत्रमा प्राविधिक शिक्षालय र नमुना विद्यालय संचालनमा प्राथमिकता दिइनेछ।
- सामूदायिक विद्यालयमा नमुना विज्ञान प्रयोगशाला स्थापना गर्ने कार्य अघि बढाइनेछ।
- सामुदायिक विद्यालयहरूको नेपाल सरकारको मापदण्ड बमोजिमको रंग छनौट गरी रङ्गरोगनमा एकरुपता ल्याइनेछ।
- विद्यार्थी–शिक्षक अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गर्ने प्रक्रिया अघि बढाइनेछ।
- विद्यार्थीको रिटेन्सन रेट (Retention Rate) वृद्धि गर्न लक्षित समूहका बालबालिकालाई छात्रवृत्ति प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- विद्यालयमा बालबालिकाहरुको प्रतिभा पहिचानका कार्यक्रमहरु संचालन गरिनेछ।
- माध्यमिक विद्यालयहरुमा नवप्रवर्तन क्रियाकलापका लागि सृजनशील विद्यार्थी समूह (ISA) स्थापना र सञ्चालनलाई निरन्तरता गरिनेछ।
- स्थानीय भाषा, संस्कृतिलाई प्रोत्साहन गर्न र नैतिक शिक्षालाई स्थानीयकरण गर्न शिक्षा विज्ञहरुको एक कार्यदल गठन गरी स्थानीय पाठ्यक्रम समेत तयार गरिनेछ।
- बालमैत्री शिक्षण विधि र बाल शिक्षालाई सुविधायुक्त बनाउन क्लष्टर विशेष नमुना बालकक्षा प्रारम्भ गरिनेछ। विद्यालयहरुमा बालमैत्री चित्र र महावाणीहरू लेख्ने कार्य गरिनेछ।
- शिक्षक तथा विद्यार्थीहरुको सिकाई, कार्यप्रगति, उपलब्धिहरु एकिकृत अभिलेख (रेकर्ड किपिङ्ग एण्ड रिपोर्टिङ) विद्युतिय प्रणालीमा जोड्ने प्रकृया थालिनेछ।
- विद्यालयहरुमा जुनियर रेडक्रस, इको क्लब र स्काउटका दस्ता तयारी गरी विपद व्यवस्थापन कार्य र स्काउट साहसिक कार्यलाई बजेट विनियोजन गरी प्रोत्साहन गरिनेछ।
- विद्यालयका जग्गाहरुको अभिलेख अध्यावधिक गरी नेपाल सरकारको सहयोगमा जग्गा संरक्षण गरिनेछ।

ख) स्वास्थ्यः

- कोभिड–१९ महामारीको नियन्त्रणका लागि विशेष प्राथमिकतामा राखी कार्यक्रम संचालन गरिनेछ।
- कोभिड–१९ बाट सिर्जित मनोसामाजिक समस्याहरूलाई सामुहिक तथा व्यक्तिगत रूपमै सम्बोधन गर्न विशेष व्यवस्था गरिनेछ।
- जन-स्वास्थ्यमा आई परेका चुनौतीहरुलाई सामना गर्ने गरी स्वास्थ्य सेवालाई सुदृढ तथा सबलीकरण गरिनेछ।
- मेची अंचल अस्पतालको सम्पूर्ण सेवाहरूलाई स्तरोन्नती गर्दै सर्वसुलभ रूपमा सम्पूर्ण नागरिकका लागि सहज बनाउन आवश्यक सहयोग गरिनेछ।
- मेची अंचल अस्पताल भद्रपुरमा निर्माणाधीन रहेको भवनमा कोभिड-१९ उपचारका लागि अत्याधुनिक र सुविधायुक्त अस्पताल निर्माण र कोरोना भाइरस संक्रमण स्वाब परिक्षण (PCR Test) प्रयोगशाला स्वास्थ्य कार्यालयको तालिम भवनमा तत्काल संचालनमा ल्याउने व्यवस्था मिलाउन प्रदेश तथा संघीय सरकारसँग अनुरोध गरिनेछ।

Scanned with CamScanner

- भेची अंचल अस्पतालमा पोष्टमार्टम कार्यमा सहजीकरण गर्न तथा लामो समयसम्म शवलाई आर्चरीमा राख्ने व्यवस्था मिलाइनेछ ।
- भेची अंचल अस्पताल भद्रपुरलाई विगतमा नगरपालिकाको तर्फबाट कायम रहेका कर्मचारी दरबन्दीलाई निरन्तरता दिइनेछ ।
- भद्रपुर ६ मा निर्माणाधिन ज्येष्ठ नागरिक स्वास्थ्य सेवा केन्द्रको(सिनियर सिटिजन अस्पताल) स्थापना गरी मेडिकल अफिसरको दरबन्दी, स्वास्थ्य बीमा सहितको सेवा संचालन गरिनेछ ।
- महेशपुर स्वास्थ्य चौकीमा ल्याब सहितको बर्थिङ्ग सेन्टर संचालनमा ल्याइनेछ ।
- स्वस्थ्य जीवनशैली अपनाउनका लागि विद्यार्थी तहबाट नै योग साधना तथा अन्य व्यायामहरूलाई प्रोत्साहित गरिनेछ ।
- सरूवा रोग तथा महामारी नियन्त्रणका लागि आवश्यक प्राविधिक सामाग्री खरीद गरी नागरिकलाई सुरक्षित बनाउन प्रभावकारी कार्यक्रम संचालन गरिनेछ ।
- नगरवासीको स्वास्थ्यमा असर पर्ने विषादीको प्रयोग र बिक्री-वितरण नियन्त्रणका कार्यक्रम निरन्तर संचालन गरिनेछ ।
- लक्षित वर्गमा निःशुल्क औषधि उपलब्ध गराई स्वास्थ्य केन्द्रको सेवा सुविधालाई सर्वसुलभ बनाईनेछ ।
- योगसाधना केन्द्र स्थापना तथा योग शिविरहरु सञ्चालन गरिनेछ ।
- विपन्न नागरिकहरु, दलित तथा मजदुरका लागि स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- सशर्त अनुदानमा आएका कार्यक्रमका लागि धप तथा अपुग रकम प्रदेश तथा संघीय सरकारसँग माँग गरिनेछ ।
- असुरक्षित गर्भपतन दरलाई शुन्य बनाउन विशेष योजना बनाई कार्यको थालनि गरिनेछ ।
- जेष्ठ नागरिकसँग नगर-प्रमुख र आमासँग नगर उपप्रमुख कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- नेपाल सरकारले सुचिकृत गरेको ८ प्रकारका बिरामीहरूलाई उपचारमा जान आउन यातायात खर्च उपलब्ध गराइने कार्यको निरन्तरता दिइनेछ ।

ग) खानेपानी तथा सरसफाई

- खानेपानी विस्तारका लागि ओभरहेड ट्याङ्कहरूबाट पानी नपुगेका भद्रपुर नगरपालिकाका अति आवश्यक क्षेत्रहरूमा पाइप विस्तारमा सहयोग गरिनेछ ।
- खानेपानीको गुणस्तर परिक्षण मार्फत स्वच्छ खानेपानीको उपलब्धताका लागि प्रयोगशाला स्थापनामा सहयोग गरी संचालनमा ल्याइनेछ ।
- पूर्ण सरसफाइलाई दिगोपना दिनका लागि निरन्तर पूर्ण सरसफाइ अभियान संचालन गरिनेछ ।
- विद्यालयमा स्वच्छ खानेपानीको र उचित सरसफाईको व्यवस्थाका लागि कार्यक्रम संचालन गरिनेछ ।
- नगर क्षेत्र भित्र रहेका खानेपानी उपभोक्ता तथा सरसफाइ समितिका वार्षिक कार्ययोजनाहरूलाई प्रदेश तथा संघीय सरकारका तत सम्बन्धी विभागहरु मार्फत सहयोग जुटाउन आवश्यक समन्वय गरिनेछ । संचालन हुन नसकेका सोमबारे खानेपानी, महेशपुर खानेपानी र खानेपानी संस्थानले संचालनमा ल्याउन तयारी गरेको भद्रपुर ३ को परियोजनालाई यसै आ.व. बाट संचालनमा ल्याउन जोड दिइनेछ ।
- भद्रपुर नगरपालिकाका महत्वपूर्ण स्थानहरूमा सार्वजनिक शौचालय निर्माण तथा मर्मत संभार गरी संचालनमा ल्याइनेछ ।
- प्रत्येक विद्यालयमा छात्र, छात्राका लागि अलग-अलग शौचालय निर्माण गरिनेछ ।
- भद्रपुर नगरको मुख्य समस्याको रूपमा रहेको फोहोर व्यवस्थापनलाई सहज बनाउन स्यानिटरी ल्याण्डफिल साइटको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी सकिएको र प्रतिवेदनलाई विज्ञहरूको परामर्श तथा सल्लाहमा समय सापेक्ष बनाई डेनमार्क स्थित दातृसंस्था समेतको सहकार्यमा यसै आ.व. मा अगाडि बढाइनेछ ।
- भद्रपुर वडा नं ७ को संकट हरेश्वर विश्रान्ति घाट र भद्रपुर ४ मा रहेको मुस्लिम धर्मावलम्बीहरूको कबरगाह संचालनमा आइसकेको, भद्रपुर ५ को शवदाह स्थल तथा सोतर्फ जाने सडक स्तरोन्नती गरी संचालन गरिनेछ र भद्रपुर २ को शवदाह स्थलको समुचित व्यवस्थापनको लागि कार्य अघि बढाइनेछ ।

घ) महिला, बालबालिका तथा लक्षित समूह

- भद्रपुर नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गरी बालमैत्री व्यवहारलाई स्थापित गर्न अभियानलाई निरन्तरता दिइनेछ ।

Scanned with CamScanner

- बालमैत्री स्थानिय शासन रणनितिक योजनानुसारका कार्यक्रमहरु र सुचकहरुलाई सम्पुष्टि गर्न बजेट सुनिश्चित गरी कार्य अघि बढाइनेछ।
- प्रत्येक वडामा कम्तिमा एक बाल उद्यान निर्माण गर्ने लक्ष्यलाई अगाडी बढाउने क्रममा महेन्द्र उद्यानलाई स्तरोन्नती गरिनेछ। भद्रपुर ८ मा निर्माणाधीन बाल उद्यानलाई विशेष प्राथमिकताका साथ अगाडि बढाइनेछ, साथै थप बाल उद्यानहरू निर्माणका लागि सम्बन्धित निकायहरूसँग पहलकदमी गरिनेछ।
- बालगृह संचालन गरी सडक बालबालिकाको व्यवस्थापनमा प्रदेश सरकारसँग सहकार्य गरिनेछ।
- बालश्रम शोषण तथा बालविवाह जस्ता सामाजिक कुप्रथाहरू विरुद्ध वडा तथा नगर स्तरमा विभिन्न कार्यक्रम सञ्चालन गरी रोकथाम तथा नियन्त्रण गरिनेछ।
- बन्दाबन्दीको कारण र आर्थिक गतिविधिमा परेको प्रतिकूल असरबाट बढी प्रभावित समूह (बालबालिका, महिला, अशक्त, असहाय, अति विपन्न) को जीविकोपार्जन, हिंसा नियन्त्रण तथा स्वास्थ्य सुरक्षामा ध्यान दिइनेछ।
- महिला संजाल मार्फत महिलाको क्षमता तथा हक-अधिकार सुनिश्चित गर्ने कार्यक्रमहरु संचालन गरिनेछ।
- दलित, सिमान्तकृत तथा विपन्न वर्गका समुदायहरूलाई आत्मनिर्भर बनाउन आर्थिक सशक्तिकरणका कार्यक्रम ल्याइनेछ।
- महिला हिंसा पिडित महिला तथा असहाय बालबालिकाहरुको सुरक्षाकालागी सेफ हाउस संचालनलाई निरन्तरता दिइनेछ।
- अपाङ्गता नागरिक ग्राम कार्यक्रमको प्रबर्द्धनलाई अघि बढाइनेछ।
- उत्प्रेरणाका लागि हेरचाह (I2C) कार्यक्रमलाई निरन्तरता दिइनेछ।

ङ) न्यायिक समिति

- मेलमिलापकर्ताहरुको क्षमता-विकास तथा सुविधा थप गरी न्याय सम्पादनमा सहजीकरण गर्न आवश्यक कार्य संचालन गरिनेछ।
- न्यायिक समितिको कार्य सम्पादनलाई सर्वसुलभ, छिटोछरितो न्याय प्रदान गर्न तथा थप व्यवस्थित गर्न विवाद निरुपण कार्यविधि कानुन बनाई कार्यान्वयनमा यथाशिघ्र ल्याइनेछ।

च) खेलकुद

- स्थानीय, जिल्ला, प्रदेश र राष्ट्रियस्तरका खेलकुद प्रतियोगिता आयोजनाका लागि विशेष पहल गरिनेछ। राष्ट्रपति रनिङ्ग शिल्डलाई थप व्यवस्थित र प्रतियोगी बनाउँदै लगिनेछ।
- भद्रपुर नगरपालिका क्षेत्रका खेलाडीहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सञ्चालन हुने खेलकुद प्रतियोगितामा सहभागी गराउन उचित प्रशिक्षण प्रदान गरिनेछ।
- नगर युवा परिषदको गठन र परिचालन मार्फत खेलकुद तथा युवाहरूको सर्वाङ्गीण विकासमा विशेष कार्यक्रम संचालन गरिनेछ।
- युवा सम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनको सन्दर्भमा राष्ट्रिय युवा परिषद र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी नमुना युवा सांसद तथा युवा लक्षित कार्यक्रमहरू संचालन गरिनेछ।
- जिल्ला खेलकुद विकास समिति अन्तर्गत रहेका खेल प्रशिक्षकहरूसँग समन्वय गरी खेलाडीहरूको खेल क्षमता तथा कौशल अभिवृद्धि गरिनेछ।
- बाल बालिकाहरूको शारिरीक तथा मानसिक क्षमतालाई अभिवृद्धि गर्न बाल संजाल मार्फत खेल सामाग्री वितरण तथा योग साधनाहरूमा जोडिनेछ।
- मेची रंगशालाको कभर्ड हल, प्याराफिट लगायतका स्तरोन्नती गरी आवासीय खेल प्रशिक्षण केन्द्रको रुपमा विकास गर्न पूर्वाधार निर्माणका लागि प्रदेश तथा संघीय सरकारका कार्यक्रमहरूलाई निरन्तरता दिन जोड दिइनेछ।

<u>वातावरण तथा विपद व्यवस्थापनतर्फ</u>

क) वन तथा वातावरण संरक्षण

- सार्वजनिक खाली जग्गाहरुमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- प्रदूषणरहित नगर बनाउन चेतनामूलक र सिर्जनात्मक कार्यक्रम संचालन गरिनेछ।

Scanned with CamScanner

- हात्ती आतंक ाई न्यूनिकरण गर्न वन क्षेत्रमा आहार (केरा, बाँस) रोप्न सामुदायिक वनसँग सहकार्य गरिनेछ र सोलार फेन्सिङ्को कार्यलाई राष्ट्रिय प्रकृति संरक्षण कोष (NTNC) काठमाडौँसँग समन्वय गरी बजेट तथा कार्यक्रम सुनिश्चित गर्न आवश्यक कार्य अघि बढाइनेछ।
- उद्योग, कलकारख ानाबाट निस्कने धुवाँ धुलो नियन्त्रणका लागि नियमित अनुगमन गर्ने व्यवस्थापन गरिनेछ।
- विद्यालय स्तरबाटै ातावरण संरक्षण कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरुमा वातावरण विनाश र त्यसको असर सम्बन्धी चेतना जगाउने साथै विद्यालय स्तरमा इको क्लब गठन गरी वातावरण-मैत्री कार्यहरू संचालन गरिनेछ।
- सामुदायिक वन उपभोक्ता समूहहरुसँगको समन्वय तथा सहकार्यमा दिगो रुपमा वन व्यवस्थापन तथा वन संरक्षण गर्ने कार्य अघि बढाइनेछ।
- भद्रपुर नगरपालिकामा संचालन भइरहेको सदरमुकाम बचाउँ कार्यक्रम जनता तटबन्धन गैँडेसँगको सहकार्यमा मेची नदीबाट हुने जनधनको क्षति न्युनीकरण कार्यक्रमलाई प्राथमिकताका साथ निरन्तरता दिइनेछ साथै देउनिया, हँडिया र झिलमिलिया खोलाले वर्षेनी पार्ने असर न्यूनिकरणका लागि जलस्रोत तथा सिंचाइ डिभिजन कार्यालय प्रदेश नं १ सँग सहकार्य गरी बहुवर्षीय योजनामा समावेश गरी यसै आ.व. बाट कार्य संचालन गरिनेछ ।

ख) विपद व्यवस्थापन

- बाढी तथा कटानको समस्या सामाधानका लागि दीर्घकालीन पक्की तटबन्धन कार्यलाई निरन्तरता दिइनेछ।
- विपद व्यवस्थापनको लागि विपद कोष संचालन कार्यविधी अनुसार कोषमा बजेट विनियोजन गरी विपदको अवस्थालाई सम्बोधन गर्ने व्यवस्था मिलाइएको छ।
- नगरपालिकाका लागि अत्यावश्यक दमकल, एम्बुलेन्स र शव वाहनको व्यवस्थाका लागि प्रदेश तथा संघीय सरकारसँग अनुरोध गरिनेछ।
- नगर प्रहरी, आगलागी नियन्त्रक र उद्धार टोलीको क्षमता अभिवृद्धीको लागि विशेष व्यवस्था गरिनेछ।
- नगर प्रहरीलाई विपदको अवस्थामा समेत परिचालन गर्ने गरी आवश्यक स्रोतको उपलब्धताका लागि आवश्यक कार्य गरिनेछ।
- कोभिड-१९ को जोखिमसँग सम्बन्धित रहेर जनचेतना, क्षमता अभिवृद्धी, स्रोत साधन व्यवस्थापन लगायतका कार्यहरू अघि बढाइनेछ।
- विपदका क्लष्टरहरूमा क्रियाशील सुरक्षा निकायहरूमा आवश्यक उद्धार सामाग्रीहरूको उपलब्ध गराइनेछ ।
- हालको कोभिड–१९ लगायत भविष्यमा आउन सक्ने अन्य प्रकोप तथा विपद् व्यवस्थापनका लागी व्यवस्थापकीय क्षमता विकास गर्दै लगिनेछ ।
- प्रकोप न्यूनीकरणलाई ध्यानमा राखी फोहरमैला व्यवस्थापन, बिबिध संक्रमण न्युनिकरणका लागि फगिङ्ग, संक्रमण जोखिम क्षेत्रहरुमा डिस-इन्फेक्सन गर्न, खानेपानी, सरसफाई जस्ता आधारभूत सेवाहरुको उपलब्धता तथा गुणस्तरमा सुधार ल्याउन विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

संस्थागत विकास तथा सेवा प्रवाहतर्फ

(क) संस्थागत विकास तथा सेवा प्रवाह

- साप्ताहिक रूपमा क्रमशः कृषि, पशु, सहकारी, वित्तीय संस्थाका कार्यक्रम, शिक्षा, स्वास्थ्य, खेलकुद, विपत, पूर्वाधार तथा सामाजिक कृयापलापका बारेमा विषयगत शाखाले रेडियोमा "भद्रपुर दर्पण कार्यक्रम" संचालन गरी नगरवासीलाई सुसुचित गरिनेछ।
- स्वास्थ्य सुरक्षा समेतलाई सम्बोधन हुने गरी प्रशासनिक सेवा प्रणालीमा सुधार ल्याउन सूचना, प्रविधि र श्रोत साधन समेतको परिचालन गरिनेछ।
- स्थानीय तह मार्फत् कार्यान्वयन गरिने गरी संघ र प्रदेश सरकारको बजेटमा उल्लेखित कार्यक्रमहरुसंग नबाझिने र नदोहोरिने गरी कार्यक्रम निर्धारण गरी संचालन गरिनेछ।
- कोभिड १९ संवेदनशील कार्यक्रमहरुको निम्ति विकास साझेदार निकायहरु तथा गैर–सरकारी संस्थाहरुको सहयोगवाट सञ्चालन हुने कार्यक्रममा दोहोरोपना हुन नदिन ध्यान दिइनेछ ।

Scanned with CamScanner

- नगरपालिकाको आयश्रोतलाई मध्यनजर गरी आ.व.२०७७।०७८ बाट अस्थायी, करार,बाल विकासका स.का., विद्यालय कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराई नगरपालिकाको तर्फबाट कोषमा १०% थप गर्ने र बाल विकास केन्द्र सहायक कार्यकर्ता र विद्यालय कर्मचारीलाई थप रु.५००।- प्रोत्साहन भत्ता दिइनेछ।
- योजना तर्जुमा, सञ्चालन तथा सेवा प्रवाहको व्यवस्थापनमा वडा समितिलाई थप जवाफदेही बनाइनेछ र टोल विकास संस्थालाई नगरपालिका र वडा समितिका कार्ययोजना जनस्तरमा संचालनका लागि सहयोगी संस्थाको जिम्मेवारी दिइनेछ।
- नगरलाई प्रविधीमैत्री बनाउन सूचना प्रविधिको अधिकतम प्रयोगमा ल्याइनेछ र कर्मचारी तथा जनप्रतिनिधिहरुलाई प्रविधिको निकट ल्याउन विशेष तालिम गरिनेछ।
- अनुगमन तथा सुपरिवेक्षण, समिक्षा गोष्ठी, सार्वजानिक सुनुवाई, सार्वजानिक लेखा परिक्षण, प्रभाव मुल्याङ्कनमा जवाफदेहिता, पारदर्शिता र उत्तरदायी बनाउन विशेष पहल गरिनेछ।
- सेवा प्रवाह तथा विकास निर्माणमा निजी, सामुदायिक तथा गैरसरकारी संस्थाको सहभागिता गराइनेछ।
- नागरिक सन्तुष्टि सर्वेक्षण गरी यसको नतिजाको आधारमा संस्थागत सुदृढिकरणका लागि आवश्यक कार्य गरिनेछ।
- सेवा प्रवाहमा सूचना प्रविधिको उपयोग गरी सुशासनमा जोड दिइनेछ।
- भद्रपुर भन्सारलाई व्यवस्थित एवम् आधुनिकीकरण गरी सञ्चालन गर्न सुख्खा बन्दरगाह लगायतका सेवा सुविधाका लागि आवश्यक पहल गरिनेछ।
- नगरको सुरक्षाको प्रत्याभूति गराउनका लागि मुख्य चौक तथा बजार केन्द्रमा सेन्सर प्रविधी तथ सि.सि. क्यामराको सेवा विस्तार गरिनेछ।
- सञ्चार क्षेत्रको विकास तथा क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रमहरुको सञ्चालन तथा पत्रकारिता पुरस्कार प्रदान गरिनेछ।
- स्थानीय सरकार संचालन ऐनको वडाहरुको सिमा निर्धारण तथा समायोजनको अधिकारलाई प्रयोग गर्दै हाल मेची नदी पारी रहेको भुभाग भद्रपुर नगरपालिका वडा नं ७ को नक्शामा पर्न गएको प्राविधिक त्रुटीलाई सच्याई भुगोल मिलान गरी भद्रपुर ५ मा समवेश गर्न सिफारिश गरिनेछ।
- नगरपालिकाको लोगो, नगरपालिकाको बालमैत्री लोगो, ISA लोगो, नगर गान, नगर गीतहरुलाई प्रयोगमा ल्याइनेछ।
- नगरपालिकाका विभिन्न कार्यक्रमहरुको संचालनका क्रममा उत्कृष्ट कार्य गर्ने व्यक्ति, करदाता, कर्मचारी, उपभोक्ता समिति, विभिन्न विधाका व्यक्तित्वहरुलाई सम्मान स्वरुप पुरस्कृत गरिनेछ।
- सार्वजनिक पूर्वाधार उपयोग कर (पटके) हटाइने, संस्थागत बहाल कर १०% र निजी प्रयोजनमा लगाइएको बहालमा ५% बहाल कर लगाइने, नगरपालिकाका कोठा भाडा बन्दाबन्दि भएका समयावधिको छुट दिइने र कर सम्बन्धी दररेटलाई यथावत राखिनेछ ।
- राजश्व संकलनमा वडा समितिलाई थप जिम्मेवार बनाइनेछ।
- कर प्रणाली व्यवस्थित गर्न कम्प्यूटर सफ्टवेयरको प्रयोगबाट डाटाबेसको आधारमा करदाताको सहभागीतामा कर संकलन प्रभावकारी बनाइनेछ।
- करदाताहरुको तथ्याङ्क तथा अभिलेख अध्यावधिक गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ।
- कोभिड-१९ को महामारीबाट प्रभावित नगरपालिकाको भवनका वहालमा बस्ने व्यापारीहरुलाई बन्दाबन्दिको समयावधीसम्मको भाडा छुट दिईनेछ।
- टेम्पो तथा ट्याक्सी व्यवसायीहरुको वार्षिक राजस्वमा छुटको व्यवस्था मिलाइनेछ।

ख) सूचना प्रविधिको विकास

- नगरपालिकाको आफ्नै मोबाइल एप्सको निर्माण गरिनेछ।
- नागरिक सन्तुष्टिको सर्वेक्षण तथा सुझाव मोबाइल एप्सको माध्यमबाट लिने व्यवस्था मिलाइनेछ।
- नगरपालिकाको करदाताहरुको सहजताका लागि एस.एम.एस.बाट नै कर सम्बन्धी जानकारी र अनलाइन बैंकिङ्गबाट कर बुझाउने व्यवस्था मिलाइनेछ।
- नगरक्षेत्र भित्रका हालसम्म पनि नेपाल टेलिकमका सेवाबाट वञ्चित कञ्चन, कल्याण वस्ती लगायतका स्थानहरुमा यसै आ.व. बाट सेवा प्रदानका लागि आवश्यक व्यवस्था गरिनेछ।
- नगरपालिकाको आफ्नै सर्भर संचालन गरिनेछ।

Scanned with CamScanner

- भद्रपुर नगरपालिकाको डिजिटल प्रोफाइलको कार्य अघि बढाइनेछ।
- सामुदायिक विद्यालयहरूमा इन्टरनेट सेवाको उपलब्धता बढाउँदै लगिनेछ र इ-हाजिरी, म्यानेजमेन्ट सफ्टवेयरको थप विस्तार सहित स्तरोन्नती गरिनेछ।
- मुख्य पर्यटकीय स्थलहरुमा फ्रि-वाईफाईको व्यवस्था गरिनेछ।
- IT Park को निर्माण गरी प्रविधि सम्बन्धी निःशुल्क तालिमको आयोजना गरिनेछ।
- नगरले प्रयोग गर्ने सम्पूर्ण सफ्टवेयर एकीकृत क्लाउड सिस्टमबाट सञ्चालन गरिनेछ।

Scanned with CamScanner

अनुसूची २

(निर्णय नं.४ सँग सम्बन्धित)

भद्रपुर नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७७

प्रस्तावना : भद्रपुर नगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भद्रपुर नगर सभाले यो ऐन बनाई लागु गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि भद्रपुर नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः**(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र घरजग्गामा सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ। तर गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन।

(२) उपदफा (१) बमोजिम सम्पति कर लगाउदा घर र सो घरले ओगटेको जग्गा बराबर थप जग्गामा सम्पति कर लगाई बाकि जग्गामा भुमिकर लगाईनेछ।

(३) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति कर प्रयोजनको लागी जग्गा मुल्यांकनको दर **अनुसूचि–१** र भौतिक संरचना मुल्यांकन तथा ह्रासकट्टीको दर **अनुसूचि – २** र सम्पति करको दर **अनुसूची – ३** मा उल्लेख भए बमोजिम हुनेछ।

(४) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजारमूल्य तथा ह्रासमूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ।

३. **भूमि कर (मालपोत)** (१) नगरपालिका क्षेत्रभित्र भूमि कर (मालपोत) प्रयोजनको लागी जग्गा मुल्यांकनको दर **अनुसूचि – १** र भूमि कर (मालपोत) को दर **अनुसूची – ४** बमोजिम लगाइने र असूल उपर गरिनेछ। तर दफा २ बमोजिम सम्पत्ति कर लगाइएको जग्गामा भूमीकर (मालपोत) लगाईने छैन।

(२) यस दफा बमोजिम भूमिकर लगाउँदा जग्गाको वर्गिकरण गरिएको क्षेत्र, उपयोग अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजारमूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ।

(३) सम्पति कर र भुमि कर एकै पटक असुल गरिने छ।

४. **घर जग्गा बहाल करः**(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा वार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा बहाल करको दर **अनुसूची–५** मा उल्लेख भएबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि नगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ।

५. **व्यवसाय करः** (१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

(२) उप दफा (१) बमोजिम व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ। इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नविकरण गर्नु पर्नेछ।

Scanned with CamScanner

(३) उपदफा (१) र (२) बमोजिम करको दर **अनुसूची–६** मा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिमको इजाजत बिना नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन ।

(५) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन,खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्याँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरे बापत **अनुसूची – ७** बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि कारोबार भन्नाले बिक्रेताले जारी गरेको बिल वा बीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र नगरपालिकाले कर लगाउँदा कारोबार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ ।

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक कारोबार गर्ने व्यक्ती वा संस्थालाई नगरपालिकाले व्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ ।

७. **सवारी साधन करः**(१) नगरपालिका क्षेत्रभित्रका टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा तथा स्कुटरमा नगरपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर **अनुसूची – ८** बमोजिम हुनेछ ।

८. **विज्ञापन करः**(१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन,प्रचार प्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा **अनुसूची – ९** बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

९. **मनोरञ्जन करः**(१) नगरपालिका क्षेत्रभित्र संचालित सिनेमाहल,सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोरञ्जन प्रदर्शनस्थल,जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ ।

तर प्रदेश कानून बनिनसकेको अवस्थामा यस दफा बमोजिम नगरपालिकाले तोकेको दरमा मनोरञ्जन कर लगाइने र उठाइनेछ ।

(२)उप दफा (१) बमोजिम नगरपालिकाले उठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** (१) नगरपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा **अनुसूची – १०** बमोजिमको दरमा बहाल बिटौरी शुल्क लगाउन र उठाउन सक्नेछ :

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,

Scanned with CamScanner

(ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटवजार, मेला, जात्रा आदिमा थापेका पसल,

(२) उपदफा (१)को खण्ड (क) र (ख) वमोजिमको सम्पत्तिमा वहाल विटौरी शुल्क उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी वोलपत्र वा दरभाउ पत्र वा डाँक वढावढको माध्यमवाट वहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) वमोजिमको सम्पत्तिमा वहाल विटौरी शुल्क उठाउनका लागि नगरपालिकाले त्यस्तो स्थानमा खरीद विक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमा तोकेको न्यूनतम वहाल विटौरी शुल्कको दरमा वोलपत्र वा दरभाउ पत्र वा डाँक वढावढको माध्यमवाट वहाल विटौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) वमोजिम वहाल विटौरीमा दिंदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

११. **पार्किङ्ग शुल्क:**(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमा **अनुसूची–११** मा उल्लेख भए वमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) नगरपालिकाले उपदफा (१) वमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा वमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा वाधा नपुग्ने गरी गर्नेछ र सो कार्यको ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

१२. **सेवा शुल्क, दस्तुर:**(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, वञ्जी जम्प, जिपप्लायर,च्याफ्टिङ्ग,प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्वन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर सीमा नदी वा अर्को गाउँपालिका वा नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यवसायमा सेवा शुल्क लगाउँदा सम्वन्धित गाउँपालिका वा नगरपालिकासँग समन्वय गरी लगाइने छ ।

(२) नगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे वापत सम्वन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,
(ख) फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ती जस्ता सेवा सुविधा,
(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटवजार, पशु वधशाला, शवदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,
(घ) सडक, वस पार्क, ढल, पुल जस्ता सेवा,
(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्वन्धी सेवा,
(च) नगरपालिकाले प्रदान गर्ने सिफारिश सम्वन्धी कुनै सेवा,
(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण वमोजिम शुल्क लिन पाइने छैन ।

Scanned with CamScanner

(३) नगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, "घ" बर्गको निर्माण व्यवसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल,स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइने र उठाइनेछ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर निम्नानुसारको अनुसूची मा उल्लेख भए बमोजिम हुनेछ।

क्र.सं.	अनुसूचि	बिषय
१	अनुसूचि–१२	सरसफाई शुल्कको दर
२	अनुसूचि –१३	न.पा.को शौचालय शुल्कको दर
३	अनुसूचि–१४	कान्जी हाउस शुल्क
४	अनुसूचि–१५	बार्षिक सवारी कर
५	अनुसूचि–१६	सिफारिस दस्तुर
६	अनुसूचि–१७	घर नक्शा पास दस्तुर
७	अनुसूचि–१८	दर्ता, अनुमति तथा नविकरण
८	अनुसूचि–१९	सरकारी सम्पति भाडा
९	अनुसूचि–२०	अन्य दस्तुर
१०	अनुसूचि–२१	नदीजन्य पदार्थको उत्खनन्/संकलन जरिवाना

१३. विक्री तथा निकासी शुल्क :(१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुंगा, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री गर्न सक्नेछ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्रउत्पादन भै आफ्नो सिमाक्षेत्रभन्दा वाहिर निकासी हुने ढुंगा, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने विक्री तथा लगाउने निकासी शुल्कको दर **अनुसूची – २२** मा तोकिए बमोजिम हुनेछ।

(४) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण, सवारी साधन तथा अन्य सामानहरु लिलाम विक्री गर्न सक्नेछ।

(५) कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा विक्री गर्न सक्नेछ।

(६) उपदफा (१) वमोजिमका वस्तुहरु विक्री तथा उपदफा (२) वमोजिमको निकासी शुल्क असूलीका लागि विक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी वोलपत्र, दरभाउ पत्र वा डाँक वढावढको माध्यमवाट गरिने छ।

१४.घरजग्गा रजिष्ट्रेशन शुल्क : (१)घरजग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके वमोजिम लगाइने र उठाईनेछ।

Scanned with CamScanner

(२) उपदफा (१) बमोजिम उठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँट गरिनेछ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ।

१५. **सामुदायिक बनको वन पैदावार बिक्री शुल्क** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको सामुदायीक वनको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावार बिक्री वापत प्राप्त हुने रकममा **अनुसूची –२३** मा उल्लेख भए बमोजिमको दरमा शुल्क लगाइने र असूल उपर गरिनेछ।

१६. **दण्ड जरिवाना** :(१) नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा देहाय बमोजिमको जरीवाना सहित बक्यौता असुल उपर गरिनेछ :

(क) तिर्न वा बुझाउन बाकी बक्यौतामा गत आ.व. को लागि १० प्रतिशत र त्यस अघिका वर्षहरुमा २० प्रतिशतका दरले हुन आउने रकम जरीवाना असुल उपर गर्नेछ।

(ख)सम्पति कर र भुमिकर (मालपोत) को हकमा तिर्न वा बुझाउन बाकी बक्यौतामा गत आ.व. को लागि १५ प्रतिशत र त्यस अघिका वर्षहरुमा २० प्रतिशतका दरले हुन आउने रकम जरीवाना असुल उपर गर्नेछ।

(ग) गत आर्थिक वर्षको बहाल कर चालु आर्थिक बर्षको पहिलो असोज मसान्त भित्र बुझाएमा जरिवाना लाग्ने छैन।

(घ)अन्य दण्ड जरिवानाको हकमा नगरपालिकाको सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ।

(२) नगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ।

तर देहायको करमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण रोकथाम तथा नियन्त्रणको लागी घोषणा भएको बन्दाबन्दीको कारण आ.व.२०७६।७७ को कर बुझाउन बाकि रहेमा २०७७ पुष मसान्त सम्म बुझाएमा लाग्ने जरिवाना छुट दिइनेछ।

क) सम्पति कर

ख) भुमिकर

ग) बहाल कर

घ) व्यपार व्यवसाय कर, उद्योगकर तथा पेशा कर

१७. **कर छुट** :(१) वार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक बर्षको आश्विन मसान्त भित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको दश प्रतिशत छुट दिइनेछ।

(२) नगरपालिकाको आय संकलन गर्न नियमानुसार ठेक्कामा दिदा अग्रिम रुपमा सम्पूर्ण वार्षिक कबोल अंक बमोजिमको रकम द्विपक्षीय सम्झौता हुनु अघि एकमुष्ठ दाखिला गरेमा १० (दश) प्रतिशत छुट दिई सम्झौता गरिनेछ।

(३) सामाजिक सुरक्षा कार्यक्रम तथा अपाङ्गता प्रयोजन र औषधि उपचारको लागि दिइने सिफारिसमा कुनै दस्तुर लाग्ने छैन।

(५) नगरपालिकाले ठेक्कामा लगाएको कर, शुल्क, दस्तुर तथा महशुल विपदजन्य कारण वा अन्य कावू वाहिरको परिस्थितिका कारण संकलनमा बाधा परेकाले कर छुट गरी पाउँ भनी सम्बन्धित पक्षले प्रमाण सहित निवेदन दिएमा स्थानीय राजस्व परामर्श समितिको सिफारिस समेतको आधारमा कार्यपालिकाबाट निर्णय गरे बमोजिमको रकम छुट दिन सकिनेछ।

Scanned with CamScanner

६) नगरपालिकाले ठेक्कामा लगाएको कर, शुल्क, दस्तुर तथा महशुल कोरोना भाईरस (कोभिड-१९)को संक्रमण रोकथाम तथा नियन्त्रणको लागु गरिएको बन्दाबन्दीको कारण संकलनमा बाधा परेकोले कर छुट गरी पाउँ भनी सम्बन्धित पक्षले निवेदन दिएमा स्थानीय राजस्व परामर्श समितिको सिफारिस समेतको आधारमा कार्यपालिकाबाट निर्णय गरे बमोजिमको रकम छुट दिन सकिनेछ ।

(७) नगरपालिकालाई करदाताले तिर्नु वा बुझाउनु पर्ने कुनै पनि कर, शुल्क, दस्तुर तथा महशुल बक्यौता लगत देहायको अवस्थामा स्थानीय राजस्व परामर्श समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय भए बमोजिम छुट हुन सक्नेछ र यसरी छुट दिएमा लगत कट्टा हुन सक्नेछ:

(क) करदाताको मृत्यु हुन गई सम्पत्ति बेवारिसे भएको अवस्थामा,

(ख) करदाता टाट पल्टेको प्रमाणित भएमा,

(ग) करदाता कारोबार बन्द गरी बेपत्ता भएको भन्ने प्रमाणित भएमा,

(घ) कुनै विपद वा भवितव्य परी करदाताको जनधनको क्षति भई कर तिर्न नसक्ने अवस्था सृजना भएको कुरा प्रमाणित भएमा ।

(८) नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरु (निजामति, करारसेवा र समायोजन भै आएको), जनप्रतिनिधिहरु र भद्रपुर नगरपालिकाको महिला स्वास्थ्य स्वयंसेवकको एकासगोलको परिवार लाई नक्शा पास दस्तुरमा पुरै छुट दिईनेछ । करारसेवाको हकमा १ (एक) सेवा अवधि वर्ष पुरा भएको हुन पर्छ ।

(९) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

स्पष्टीकरण: लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह, अनाथाश्रम, वृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(१०) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई नगर सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(११) कानूनमा व्यवस्था भएको अवस्थामा बाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुर्‍याउने किसिमका उद्योग व्यवसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

१८. **प्रशासकीय पुनरावलोकन र पुनरावेदन** :(१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा सम्लग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३)उपदफा (१) बमोजिम पुनरालोकनकोलागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्बन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) नगरपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकिय पुनरावलोकन नगरेको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्दछ ।

१९.**ठेक्का आह्वान गर्न सक्ने** :(१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्नसक्नेछ ।

Scanned with CamScanner

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा ५ (पाँच) वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोबस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) नगरपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीवजन्तुकर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा कार्यपालिकाबाट निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्य तथा अन्य व्यवस्था आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि,२०७५ बमोजिम हुनेछ ।

२०. **सहयोग गर्नुपर्ने** :संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

२१. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिने** : नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

२२. **कार्यविधि बनाउन सक्ने** :(१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका सम्बन्धित कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

२३. **अन्य व्यवस्था**: (१) नगरपालिकाका विषयगत शाखा, शाखा, वडा कार्यालय तथा अन्य कार्यालयबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले नगरपालिकालाई तिर्नु वा बुझाउनु पर्ने कर, शुल्क, दस्तुर, महशुल तथा जरीवानालाई सेवासँग आवद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नु पर्नेछ ।

तर नागरिक*ताको* सिफारिस तथा व्यक्तिगत घटना दर्ता गर्दा प्रतिवद्धतापत्र लिई सेवा प्रवाह गर्न भने बाधा पुगेको मानिने छैन ।

(२) नगरपालिकाले यस ऐन बमोजिम संकलन गर्ने राजस्व प्रशासनको अभिलेख कम्प्युटर सफ्टवेयरको माध्यमबाट गर्न सकिनेछ ।

तर यस्तो अभिलेख दोहोरो श्रेस्तामा देखिने गरि राख्नु पर्नेछ ।

२४.**प्रक्रिया सरलीकण वा बाधा अडकाउ फुकुवा गर्ने सम्बन्धी व्यवस्था**: कर तथा गैर कर सम्बन्धी प्रचलित स्थानीय कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सृजना भएमा, कुनै जटिलता देखिएमा वा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अडकाउ पर्न गएमा कार्यपालिकाले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा बाधा अडकाउ फुकुवा गर्न सक्नेछ ।

२५. **प्रचलित कानुन बमोजिम हुने** :यस ऐनमा उल्लेख गरिएका विषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका विषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

Scanned with CamScanner

अनुसूची १

(ऐनको दफा २ को उपदफा(१) र दफा ३ को उपदफा(१)संग सम्बन्धित)

सम्पत्ति कर र भुमि करको लागी जग्गाको मुल्यांकन

क्षेत्र	स्थान	न्युनतम मुल्यांकन (प्रति कठ्ठा)
वडा नं. १		
व्यापारिक क्षेत्र	हिमाली चोक, कुले चौक आसामे लाहत चोक को १०० मिटरसम्म	४ लाख
	मेरो मिल चोक, इजम चोक, लाहुरे चोक को १०० मिटरसम्म	४ लाख
आवासिय क्षेत्र	सोमवारे र बिहिवारे बजार क्षेत्र	३ लाख
	तुलसी चोक, पाण्डे चोक, अधिकारी चोक ,सोराती चोक थापा चोक, शेरे चोक १०० मिटर उत्तर दक्षिण सम्म	२ लाख ५० हजार
	मेचि राजमार्गले छोएको जग्गाहरु	२ लाख
	पिच सडकले छोएको जग्गाहरु	२ लाख
	ग्राभेल तथा प्लटिङका जग्गाहरु	१ लाख
	कच्चि वाटोले छोएको जग्गाहरु	५० हजार
कृपि क्षेत्र	वाटोले नछोएको अन्य जग्गाहरु	१५ हजार
वडा नं. २		
व्यापारिक क्षेत्र	सागरमाथा बजार क्षेत्र १०० मिटर सम्म	४ लाख
	चारआलि रोड बजार क्षेत्र १०० मिटर सम्म	४ लाख
	सोमवारे बजार क्षेत्र १०० मिटर सम्म	४ लाख
	सिता चोक क्षेत्र १०० मिटर सम्म	४ लाख
	कुले चोक बजार क्षेत्र १०० मिटर सम्म	४ लाख
आवासिय क्षेत्र	महारानी चोक	३ लाख
	मेचिराज मार्गले छोएको	३ लाख
	सागरमाथा पुर्व पश्चिम कालोपत्र सडकले छोएको	२ लाख
	भित्रि ग्राभेल सडकले छोएको	१ लाख
	देक्तीमा पुलदेखि आमा चोक पुर्व तर्फको जग्गाहरु	१ लाख
	कच्चि सडकले छोएको जग्गाहरु	५० हजार
कृषि क्षेत्र	वाटोले नछोएका जग्गाहरु	२० हजार
वडा नं. ३		
व्यापारिक क्षेत्र	मेचि राजमार्गसग जोडिएका जग्गाहरु ज्ञानेचोक वजार क्षेत्र २०० मिटर सम्मका जग्गाहरु	५ लाख

Scanned with CamScanner

आवासिय क्षेत्र	मेची राजमार्गसग जोडिएका जग्गाहरु	८ लाख
	पिच सडकले छोएको जग्गाहरु	१ लाख ४० हजार
	आमगाछी चौक देखि पश्चिम दक्षिण बाटोले छोएको	१ लाख
	ग्राभेल बाटोले छोएको तथा प्लटिङ्का जग्गाहरु	१ लाख
	कच्ची तथा सहायक बाटोहरु	४० हजार
कृषि क्षेत्र	बाटोले नछोएका जग्गा	२५ हजार
वडा नं. ४		
आवसीयक्षेत्र	झापा चोक पश्चिम हुलाकी मार्ग र दक्षिण केचना चारआलि	६ लाख
	पिच सडकले छोएको	२ लाख ४० हजार
	ग्राभेल सडक	१ लाख २० हजार
	कच्ची	६० हजार
कृषि क्षेत्र	बाटोले नछोएको	२५ हजार
वडा नं. ५		
व्यापारिक क्षेत्र	मेची मार्गले छुने मुख्य सडकको जग्गाहरु भन्सारदेखि न.पा.कार्यालय सम्म	१४ लाख ४० हजार
	नगरपालिका कार्यालयदेखि जनता चौकसम्म मेची मार्गले छोएका जग्गाहरु	१२ लाख
	झापा चौक, भद्रपुर बस स्टेण्ड हुँदै भद्रपुर भन्सार जाने मुख्य सडक	१२ लाख
	केचना-चारआली मार्गमा पर्ने झापा चौकदेखि गिरी चौकसम्मका जग्गाहरु	१२ लाख
	झापा चोकदेखि गुप्ता राइस मिल हुँदै बस पार्क भएर अरुण अग्रवालको घरछेउ हुँदै अवला चित्र मन्दिरसम्मको जग्गाहरु	१२ लाख
	बसपार्कछेउदेखि गिरी चौकसम्म जग्गाहरु	४ लाख ८० हजार
	अन्य पिच बाटोले छोएको जग्गाहरु सांविक वार्ड नं.२	३ लाख ६० हजार
	पिच रोडले छोएको जग्गा अन्य जग्गा	२ लाख ४० हजार
	ग्राभल रोडले छोएका जग्गाहरु सांविक वार्ड नं.२ र ३	२ लाख ४० हजार
	ग्राभल रोडले छोएका जग्गाहरु सांविक वार्ड नं.१२	१ लाख ८० हजार
	ग्राभल रोडले छोएका जग्गाहरु सांविक वार्ड नं.१	१ लाख २० हजार
	कच्ची बाटोले छोएका जग्गाहरु सांविक वार्ड नं.१२	१ लाख २० हजार
	कच्ची बाटोले छोएका जग्गाहरु सांविक वार्ड नं.१	६० हजार
कृषि क्षेत्र	बाटोले नछोएको अन्य जग्गाहरु सांविक वार्ड नं.१२	६० हजार
	बाटोले नछोएका अन्य जग्गाहरु सांविक वार्ड नं.१	२५ हजार

Scanned with CamScanner

	वाटोले नछोएका (मेची खोलाले छुने)	१० हजार
	वडा नं. ६	
व्यापारिक क्षेत्र	मेची मार्गले छोएका जग्गाहरु (पुरानो माछाहट्टीदेखि न.पा.का. छेउसम्म)	१४ लाख ४० हजार
	सोना रेस्टुरेन्टदेखि अवला चित्र मन्दिरसम्मको जग्गा	१२ लाख
	मेची मार्गले छुने न.पा.छेउदेखि संगम चौकसममका सम्मका जग्गाहरु	७ लाख २० हजार
	चारआली-केचना मार्गमा पर्ने जग्गाहरु	६ लाख
आवासिय क्षेत्र	पिच वाटोले छोएका जग्गाहरु साविक वार्ड नं.९	४ लाख ८० हजार
	भानु चौकदेखि पशु अस्पताल सम्म जाने पिच सडकले छोएको जग्गाहरु	३ लाख ६० हजार
	पिच वाटोले छोएका जग्गाहरु साविक वार्ड नं.८	२ लाख ४० हजार
	पिच रोडले छोएका जग्गाहरु साविक वार्ड नं. १३	३ लाख ६० हजार
	पिच रोडले छोएका जग्गाहरु साविक वार्ड नं. ७	२ लाख ४० हजार
	ग्राभेल सडकले छोएका जग्गाहरु साविक वार्ड नं. ९	२ लाख ४० हजार
	अन्य ग्राभेल सडकले छोएका जग्गाहरु	१ लाख ८० हजार
	अन्य ग्राभेल सडकले छोएका जग्गाहरु साविक महेशपुर	१ लाख २० हजार
	कच्ची सडकले छोएका जग्गाहरु	१ लाख २० हजार
	चिया वगानले छोएको जग्गाहरु	६० हजार
कृषि क्षेत्र	वाटोले नछोएका जग्गाहरु	६० हजार
	वाटोले नछोएका जग्गाहरु साविक वार्ड नं. ७ र साविक महेशपुर	३६ हजार
	वडा नं. ७	
व्यापारिक क्षेत्र	विद्युत कार्यालयदेखि लेखनाथ चौक सम्मको जग्गा	९ लाख ६० हजार
	मेची मार्गमा पर्ने सगरमाथा चौकदेखि क्याम्पसमोडसम्मका जग्गाहरु (११)	७ लाख २० हजार
	मोमेन्टो गार्मेन्ट वाट मन्त्रि चौक आउने वाटो पिच सडक	४ लाख ८० हजार
	पशु अस्पताल देखि पश्चिम पिच सडक सँग जोडिएको जग्गाहरु	४ लाख ८० हजार
आवासिय क्षेत्र	लेखनाथ चौक देखि गार्मेन्ट चोक सम्मको जग्गा	४ लाख ८० हजार
	लेखनाथ चौक पश्चिम लेखनाथ मार्ग विष्णु पञ्चायन चोकसम्मको वाटो	४ लाख ८० हजार
	गार्मेन्ट चौकवाट पश्चिम अन्जली मोडसम्मको पिच सडक	४ लाख ८०

Scanned with CamScanner

		हजार
	गौरी गाँउ मार्ग	४ लाख ८० हजार
	विसम चौकाबाट सरस्वति चौकसम्म पिच सडक	४ लाख ८० हजार
	गार्मेन्ट चौक देखि दक्षिण मन्त्रि चौक जाने बाटो	३ लाख ६० हजार
	अन्जलि मोडबाट पश्चिम डाँफे चौकसम्म	३ लाख ६० हजार
	जानकी मार्ग दुवै तर्फको बाटो	३ लाख ६० हजार
	लेखनाथ मार्गबाट सरस्वति चौक पिच सडक	३ लाख ६० हजार
	सरस्वति चौकबाट पश्चिम मार्ग	३ लाख ६० हजार
	हरि ओलिको घरबाट पुरुषोत्तमको घरसम्मको जग्गाहरु	३ लाख ६० हजार
	अन्य पिच सडक सार्वजनिक वार्ड नं. ३	३ लाख ६० हजार
	अन्य पिच रोडले छोएका जग्गाहरु सार्वजनिक भद्रपुर वार्ड नं. ६ र ११	३ लाख ६० हजार
	सरस्वति चौकबाट अन्जलिमोड ग्राभेल सडक	२ लाख ४० हजार
	वासिलाल चौकबाट उत्तर लेखनाथ मार्ग जोडने ग्राभेल सडक	२ लाख ४० हजार
	डाँफे उत्तर लेखनाथ मार्ग जोडने	१ लाख २० हजार
	अन्जलि मोडदेखि बोक्तावारी सम्म	१ लाख २० हजार
	भृकुटि सृजनशिल मार्ग गाउ बस्ती	१ लाख २० हजार
	विष्णु पञ्चायन चोकदेखि पश्चिम	१ लाख २० हजार
	डाँफे चौकबाट दक्षिण सालमारा गाँउ	६० हजार
	ग्राभेल बाटो	१ लाख २० हजार
	कच्ची	६० हजार
कृषि क्षेत्र	बाटोले नछोएको	२४ हजार
	वडा नं. ८	
व्यापारिक क्षेत्र	१. मेची मार्गले छुने जग्गाहरु (४)	७ लाख २० हजार
	२. जनता चौकदेखि अस्पताल चोकसम्मको जग्गा (४)	४ लाख ८० हजार
	३. अस्पताल मोडदेखि अस्पतालसम्मको जग्गा (४)	४ लाख ८० हजार
	मेची मार्गमा पर्ने संगम चौकदेखि सगरमाथा चौकसम्मका जग्गाहरु (१४)	७ लाख २० हजार
	मेची मार्गमा पर्ने अस्पताल चौकदेखि क्याम्पस मोडसम्मको जग्गा (१५)	७ लाख २० हजार
	अस्पताल चौकदेखि अस्पताल अगाडीको चौकसम्मको जग्गा (१५)	४ लाख ८० हजार

Scanned with CamScanner

	१. मेची मार्ग एस.पी.मोडदेखि विद्युत कार्यालय सम्मका जग्गाहरु (५)	७ लाख २० हजार
	२. मेची मार्गले छुने क्याम्पस मोडदेखि एस.पी.मोडसम्मका जग्गाहरु (५)	७ लाख २० हजार
आवासिय क्षेत्र	१. मेची मार्गमा पर्ने एस.पी. मोडदेखि जि.स.स.का.सम्म जग्गाहरु (१०)	७ लाख २० हजार
	२. जि.स.स.का.देखि जेलसम्म जाने वाटोमा पर्ने जग्गाहरु (१०)	४ लाख ८० हजार
	१. अन्य पिच रोडले छोएका जग्गाहरु (४)	४ लाख ८० हजार
	१. अन्य पिच वाटोले छोएका जग्गाहरु (५)(१५)	३ लाख ६० हजार
	२. ग्राभल तथा भित्री वाटोले छोएका जग्गाहरु (४)	३ लाख ६० हजार
	ग्राभेल वाटोले छोएका जग्गाहरु (५)(१५)	२ लाख ४० हजार
	३. पिच रोडले छोएका जग्गाहरु (१०)(१४)	२ लाख ४० हजार
	३. कच्ची वाटोले छोएका जग्गाहरु (४)(५)(१५)	१ लाख २० हजार
	ग्राभेल सडकले छोएका जग्गाहरु (१०)(१४)	१ लाख २० हजार
	कच्ची वाटोले छोएका सडकहरु (१०) (१४)	६० हजार
कृषि क्षेत्र	वाटोले नछोएका जग्गाहरु (४)(५)	५० हजार
	वाटोले नछोएका अन्य जग्गाहरु (१४)	३६ हजार
	वाटोले नछोएका जग्गाहरु (१०)	२४ हजार
वडा नं. ९		
आवासिय क्षेत्र	मेचि राजमार्ग वि.पि.चौक देखि साविक वडा नं.१४ को सिमानासम्म	१२ लाख
	पुष्पलाल मार्ग (साविक भद्रपुर ३,४ को सिमादेखि मदन भण्डारी चौकसम्म	३ लाख ६० हजार
	देवकोटा मार्ग शिव पञ्चायन मन्दिर देखि वि.पि.मार्गसम्म	३ लाख ६० हजार
	देवकोटा मार्ग पिपलवोटदेखि देवकोटा चौकसम्म	३ लाख ६० हजार
	चन्द्रगढी मार्ग कारागार देखि शिव पञ्चायन मन्दिर हुदै पिच वाटोसम्म	३ लाख ६० हजार
	अद्वैत मार्ग कालो पत्रे र सो वाटो सगँ जोडिएको कालोपत्रे सडक	३ लाख ६० हजार
	मेचि राजमार्ग सगँ जोडिएको जग्गा	३ लाख ६० हजार
	पुष्पलाल मार्ग मदन भण्डारी चौक उत्तर वडा नं.१२ को सिमानासम्म	१ लाख ८० हजार
	देवकोटा मार्ग वि.पि.मार्ग उत्तर पिपलवोटसम्म	३ लाख
	चन्द्रगढी मार्ग पिच भाग छोडि पुष्पलाल मार्गसम्म	२ लाख ४० हजार
	भद्रपुर ८ र ११ को सिमानाको वाटो	२ लाख ४० हजार
	अद्वैत मार्ग कालो पत्रे वाहेकका सडक दायाँ वायाँ	१ लाख ८० हजार
	वद्री मार्ग	१ लाख ८० हजार
	मदन भण्डारी चौक देखि हडिया पुलसम्म	१ लाख ८० हजार
	सहायक कालोपत्रे	१ लाख ८० हजार

Scanned with CamScanner

	पुष्पलाल मार्ग स्कुल उत्तरका प्लाटिगका वाटोहरु	१ लाख ८० हजार
	ग्राभेल वाटो	१ लाख २० हजार
	शुक्रराज शास्त्री मार्ग	१ लाख २० हजार
	वि.पि मार्ग १४ नं.वडा सिमा देखि मुरली चौक हुदै प्रथम कल्भर्टसम्म	१ लाख २० हजार
	वि.पि मार्ग दोश्रो स्लाव कल्भर्ट देखि पुष्पलाल मार्गसम्म	१ लाख २० हजार
	बुद्ध मार्ग रमण टोलदेखि स्वर्गद्वारी मार्ग सम्म र सो भित्रका प्लटिङ्गका जग्गाहरु	१ लाख २० हजार
	शान्ति चौकदेखि कालिका फ्याक्टि हुदै बुद्ध मार्गसम्म	१ लाख २० हजार
	स्वर्गद्वारी मार्ग हुदै अल्छीया गाँउ समेत वाटो	१ लाख २० हजार
	गोजा वस्ती भित्रवाट पुष्पलाल मार्ग जोडिने वाटो	१ लाख २० हजार
	स्याटु गाँउ भित्रका वाटाहरु	१ लाख २० हजार
	विपी मार्ग स्लाव कल्भर्ट उत्तर प्लटिङ्गहरु	१ लाख २० हजार
	चन्द्रगढी मार्ग देखि मान सिं राजवंशीको घर हुदै उत्तर जाने वाटो	१ लाख २० हजार
	वि.पि मार्ग प्रथम कल्भर्ट देखि दोश्रो स्लाव कल्भर्टसम्म	६० हजार
	पिपल गाछीवाट पौडेल वन्धु टि स्टेट हुदै जाने पुष्पलाल मार्गसँग जोडिएको वाटो दक्षिण	६० हजार
	कच्ची	६० हजार
कृषि क्षेत्र	वाटोले नछोएको	२४ हजार
वडा नं. १०		
व्यापारिक क्षेत्र	लेखनाथ चौक देखि मैत्रि मार्ग सम्म १०० मि	९ लाख ६० हजार
	भैरव चौकदेखि लेखनाथ चौक सम्म पिच वाटो	९ लाख ६० हजार
	चन्द्रगढी हाट तथा वजार एरिया पिच वाटो	९ लाख ६० हजार
	लेखनाथ चौकदेखि उत्तर विपी चौक,भैरव चौकदेखि विपी चौकसम्म पिच वाटो	६ लाख
	मेचि राजमार्ग पश्चिम चन्द्रगढी पशु वधशालासम्मको जग्गा	६ लाख
	मेचिराज मार्गदेखि विर्तामोड जाने मैत्रिटोलको जग्गा पिच वाटो	४ लाख ८० हजार
आवासिय क्षेत्र	लेखनाथ चौकवाट मैत्रि टोलको खानेपानीको वोरिङ्ग छेउको पिच वाटो	४ लाख ८० हजार
	मैत्रि मार्ग देखि शिवालय चौकसम्म	४ लाख ८० हजार
	विपी चौकदेखि सिद्धार्थ चौकसम्म पिच वाटो	४ लाख ८० हजार
	लेखनाथ चौक देखि भृकुटि मार्गसम्म	४ लाख ८० हजार
	लेखनाथ चौक पश्चिम लेखनाथ मार्ग	४ लाख ८० हजार
	विपी चौकदेखि प्रज्ञा एकाडेमीको पिच वाटो	४ लाख ८० हजार
	राजवंशी मार्गवाट वृद्ध आश्रम भवन जाने वाटो	४ लाख २० हजार
	विर्तामोड जाने मैत्रिटोलको मुखदेखि केन्द्रमोड वरगाछी चौक हुदै चैतुवारी १४ नं.वार्ड पिच वाटो	३ लाख ६० हजार

Scanned with CamScanner

	केन्द्रमोड देखि विपी चौक सम्म	३ लाख ६० हजार
	मेचि राजमार्ग पुर्व धर्मराज घिमिरे र हिरण खतिवडाको घडेरी तर्फ जाने वाटो	३ लाख ६० हजार
	मेचि राजमार्गवाट पश्चिम १३ नं.वडाका सिमानासम्म र सिद्धार्थ चौक सम्मको जग्गा	३ लाख ६० हजार
	मेचि राजमार्गवाट भरत खतिवडाको घरतर्फ जाने पुर्व पश्चिम र उत्तर दक्षिण हिरण्य खतिवडाको घरसम्म जाने वाटो	३ लाख ६० हजार
	हिरण्य खतिवडा र रमेश कोईराला समेतले खोलेको घडेरी	३ लाख ६० हजार
	मेचि राजमार्ग पश्चिमको जग्गा खडानन्द वसिष्ठ र यदुनन्दन दाहाल समेत खोलेको घडेरी	३ लाख ६० हजार
	मेचि राजमार्ग पश्चिम मदन खतिवडा, मोहन वेडारी समेत ४ जनावाट खोलिएको घडेरीको वाटो	३ लाख ६० हजार
	मेचि राजमार्ग पश्चिम पवन कार्कीको घर उत्तर वाट पशु वधशाला हुदै लेखनाथ चौक आउने वाटो	३ लाख ६० हजार
	मेचि राजमार्ग खण्ड विपी चौक देखि सहिद चौक उत्तर सेति खोलाको खोल्सी सम्म	३ लाख ६० हजार
	विपी मार्ग खिला पोखरेलको घरदेखि मुरलि चौक पश्चिम कल्भर्टसम्म पिच सडक	३ लाख
	सिद्धार्थ चौकदेखि चैतुवारीसम्म	३ लाख
	मैत्रि टोल गोपाल नेउपानेको घर उत्तर हुदै पुर्व रचना मार्ग सम्म	३ लाख
	मेचिराजमार्ग पुर्व चन्द्रान्त दहालको घर उत्तरवाट सहरी विकासले रेखाङ्कन गरेको वाटोसम्म	३ लाख
	मेचि राजमार्ग पुर्व विपी प्रतिष्ठाको भवन निर्माण स्थल जाने सहरी विकासले रेखाङ्न गरेको वाटो	३ लाख
	मेचि राजमार्ग पश्चिम ककि मार्गका सवै जग्गा	३ लाख
	वि.पि चौकदेखि चैतुवारी जाने वाटाको डिल्ली रमण नेपालको घर पुर्ववाट उत्तर जाने देवि थापाले खोलेको घडेरी को जग्गा	३ लाख
	वरगाछी चौकदेखि डिगेन हजामको घरसम्म	२ लाख ४० हजार
	सरोज कार्कीको घर पश्चिमवाट दक्षिण खेमराज पोखरेलको घर हुदै पश्चिम इन्द्र वहादुर प्रधानको घर वितांमोड जाने वाटो	२ लाख ४० हजार
	कुमकुम नेपालको घरवाट पश्चिम मैत्रि टोलवाट आएको वाटोमा जोडिएको सम्म	२ लाख ४० हजार
	प्रज्ञा एकाडेमिवाट उत्तर र जोडिएको सरस्वती मार्ग मेचि मार्ग सम्मको जग्गा	२ लाख ४० हजार
	विपी मार्ग उत्तर प्रकाश शिवाकोटी धिर वहादुर अर्यालको घडेरी तर्फ जाने वाटो	२ लाख ४० हजार
	एकल महिलाको घर पछाडी देखि १२ नं.वार्ड को सिमानासम्म	२ लाख ४० हजार
	भृकुटि मार्ग देखि सरस्वति चौकसम्म	२ लाख ४० हजार

Scanned with CamScanner

	शिवालय चौक देखि देउनिया चौकसम्म	२ लाख ४० हजार
	भित्रि पिच सडक	२ लाख ४० हजार
	साई मार्गको दाया वाया सडकले छोएको	२ लाख ४० हजार
	विपी मार्ग देखि दक्षिण श्याम हरि अधिकारीको घर तर्फ जाने वाटोको दाँया बाँया	१ लाख ८० हजार
	भगवति प्रा.वि. पश्चिम चैतुवारी जाने वाटोदेखि दक्षिण नया वस्ती मेघलाल राजवंशीको घर जाने वाटो	१ लाख ८० हजार
	तोयाराज न्यौपानेको घर उत्तर धरधरे कल्भर्ट सम्मका घडेरी	१ लाख ५० हजार
	मोति चोक देखि काफ्ले चौकसम्म	१ लाख २० हजार
	भृकुटि मार्गका दाया वायाका जग्गाहरु	१ लाख २० हजार
	मैत्रिमार्ग दशरथ मार्ग सम्मका दाँया वायाका जग्गाहरु	१ लाख २० हजार
	दहरथ मार्गका जग्गाहरु	१ लाख २० हजार
	पुष्पलाल मार्गका दाया वाया	१ लाख २० हजार
	अर्यानको मार्गका दाया वायाका जग्गाहरु	१ लाख २० हजार
	केन्द्रमोडदेखि पश्चिमवाट त्रिलोक भण्डारीको घर अगाडीको वाटोको दाँया बाँयाको जग्गाहरु	१ लाख २० हजार
	टावर मार्गका दाँया वायाका जग्गाहरु	१ लाख २० हजार
	शिवलाल चौकदेखि सिद्धार्थ चौकसम्म	१ लाख २० हजार
	पुष्पलाल मार्गवाट पुर्व पन्चकन्या मन्दिर जाने वाटो	१ लाख २० हजार
	भद्रपुर वितामोड सडकवाट उत्तर पुर्व जाने खानेपानि मार्गको दाँया बाँयाको जग्गाहरु	१ लाख २० हजार
	मैत्रिमार्ग पुष्पलाल मार्गसम्मको दाया वायाका जग्गाहरु	६० हजार
	मैत्रि मार्ग देवनिया खोलासम्मका दाँया बाँयाका जग्गा	६० हजार
	काफ्ले टोलको उत्तर दक्षिण मार्गको दाया वाया जग्गाहरु	६० हजार
	कलवलगुरी प्रा.वि.जाने दुवै तर्फैका दाँया बाँयाका जग्गाहरु	६० हजार
	सिद्धार्थ चौकदेखि भक्त खवासको घरसम्मका जग्गाहरु	६० हजार
	चन्द्रगढीमार्ग भक्त खवासको उत्तरका जग्गाहरु	६० हजार
	सार्वजनिक वाडं न.१२ को सिमानावाट चन्द्रगढी चिया वगानको विच भागवाट आएको जग्गाहरु	६० हजार
	पुष्पलाल मार्ग चन्द्रगढी खण्डका दाँया वायाका जग्गाहरु	६० हजार
	सत्रविघेमा प्लटिगका जग्गाहरु	६० हजार
	पुष्पलाल मार्गदेखि पश्चिम उत्तर जाने वाटो	३० हजार
	पुष्पलाल मार्गदेखि पुर्व उत्तर सतार वस्तिका विच वाटो	३० हजार
कृषि	वाटोले नछोएको	२४ हजार

Scanned with CamScanner

अनुसूची २

(ऐनको दफा २ को उपदफा(१) संग सम्बन्धित)

संरचनाको न्यूनतम मुल्यांकन

क्षेत्र		संरचना प्रति वर्ग फिट रु.					
		पक्का जोडाई छत ढलाई		पक्का जोडाई टिन वा टायलको छाना		माटोको जोडाई वा काठको वा सेन्टर वेरा र जस्ता वा टायलको	
		व्यापारिक, औद्योगिक तथा संस्थागत	वसोवास	व्यापारिक, औद्योगिक तथा	वसोवास	व्यापारिक, औद्योगिक तथा	वसोवास
क	व्यापारिक क्षेत्र	१३००।-	१२००।-	९००।-	८००।-	४००।-	३५०।-
ख	आवासीय क्षेत्र	११००।-	१०००।-	७५०।-	७००।-	३००।-	२५०।-
ग	कृषि क्षेत्र	८००।-	७००।-	६००।-	५००।-	२००।-	१५०।-
ढुंगा वा इटाको पर्खाल प्रति रनिङ फिट रु. २००							
अन्य कच्ची घर रु १५,०००							

संरचनाको ह्रास कट्टी दर

संरचना को किसिम → संरचनाको	आर.सि.सि. फ्रेम स्टक्चर/ सिमेण्ट जोडाईमाइट्टावा ढुङ्गाको गारो - आर.सि.सि. छाना	पक्का जोडाई टिन वा टायलको छाना	माटोको जोडाई वा काठको वा सेन्टर वेरा र जस्ता वा टायलको छाना	सेड वा कच्ची घर
१ - ५ वर्ष	५	१०	१५	२०
६-१० वर्ष	१०	२०	३०	४०
११- १५वर्ष	१५	३०	४५	६०
१६- २० वर्ष	२०	४०	६०	८०
२१- २५ वर्ष	२५	५०	७५	९०
२६- ३० वर्ष	३०	६०	७५	९०
३१- ३५ वर्ष	३५	६०	७५	९०
३६- ४० वर्ष	४०	६०	७५	९०
४१- ४५ वर्ष	४५	६०	७५	९०
४६- ५० वर्ष	५०	६०	७५	९०

Scanned with CamScanner

अनुसूची ३

(ऐनको दफा २ को उपदफा(२) संग सम्बन्धित)

सम्पत्ति करको दर

कर योग्य मुल्यांकन	करको दर रू.
पाँच लाख रुपैयाँसम्मको मूल्यांकनमा	एक मुष्ठ रु एक सय
छ लाख देखि दश लाख रुपैयाँसम्म	प्रति लाख पच्चिस
एघार लाख देखि विस लाख रुपैयाँसम्म	प्रति लाख तिस
एकाइस लाख देखि तिस लाख रुपैयाँसम्म	प्रति लाख रु.चालिस
एकतिस लाख रुपैयाँदेखि पँचास लाख रुपैयाँसम्म	प्रति लाख रु सतरी
एकाउन्न लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्म	प्रति लाख रु एक सय दश
एक करोड एक लाख रुपैयाँदेखि दुई करोड रुपैयाँसम्म	प्रति लाख रु एक सय विस
दुई करोड एक लाख रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म	प्रति लाख रु एक सय तिस
पाँच करोड भन्दा माथि	प्रति लाख रु दुइ सय दश

नोट : मुल्यांकन रकमलाई रु लाखमा (round figure)मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

अनुसूची ४

(ऐनको दफा ३ संग सम्बन्धित)

भूमीकर (मालपोत) को दर

कर योग्य मुल्यांकन	करको दर रू.
१) रू.१० लाख सम्म	५० देखि २००
२) रू.१० लाख १ देखि रू. २० लाखसम्म	३०० देखि ४००
३) रू.२० लाख १ देखि रू.३० लाखसम्म	६०० देखि १०००
४) रू.३० लाख १ देखि रू.५० लाखसम्म	१५०० देखि ३०००
५) रू.५० लाख १ देखि रू.१ करोडसम्म	४००० देखि १००००
६) रू.१ करोड १ देखि रू.२ करोडसम्म	१३००० देखि २००००
७) रू.२ करोड १ देखि रू.५ करोडसम्म	२६००० देखि ६००००
८) रू.५ करोड १ देखि माथि	रू.२।०० प्रति हजार

Scanned with CamScanner

अनुसूची ५

(ऐनको दफा ४ को उपदफा(२) संग सम्बन्धित)

घर जग्गा बहाल करको दर

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा वार्षिक वहाल रकममा लाग्ने वहाल कर दर

सि.न.	विवरण	वार्षिक वहाल करको दर
१	कानून वमोजिम गठन भएको संघ संस्था, वित्तीय तथा सो सरहका संस्था, कम्पनी, सरकारी कार्यालय, सरकारी कम्पनी तथा संस्थान, निकायहरुले वहालमा लिई उपभोग गरेको	वार्षिक वहाल रकममा १० प्रतिशत
२	प्राकृतिक व्यक्ति (व्यक्तिगत कारोवार गर्ने व्यक्तिहरु) ले वहालमा लिई उपभोग गरेको	वार्षिक वहाल रकममा ५ प्रतिशत

वहाल करको न्यूनतम रकम कायम गर्न देहाय आधार लिईनेछ ।

क) प्रचलित वजार दर

ख) स्वयं घोषणा

अनुसूची ६

(ऐन को दफा ५ को उपदफा(३) संग सम्बन्धित)

व्यवसाय इजाजत (दर्ता नविकरण) दस्तुरको दर

क्रम संख्या	व्यवसायको किसिम	वार्षीक दस्तुर रकम रु	कैफियत
	व्यापार व्यवसाय		
१	गल्ला तथा किराना पसल		
	किराना थोक तथा खुद्रा पसल श्रेष्णी क	१,०००।००	
	किराना खूद्रा पसल श्रेष्णी ख	७००।००	
	भित्री सडकमा रहेका साना किराना पसल श्रेष्णी ग	५००।००	
२	कपडा तथा फेन्सी पसल रेडिमेट तथा थानवाला		
	कपडा तथा फेन्सी थोक पसल	५,०००।००	
	कपडा तथा फेन्सी खूद्रा पसल श्रेणी क	३,५००।००	
	कपडा तथा फेन्सी खूद्रा पसल श्रेणी ख	२,५००।००	
	ब्याग हाउस	२,५००।००	
३	जुत्ता चप्पल पसल		
	जूत्ताको शो रुम	५,०००।००	

Scanned with CamScanner

	जूत्ता चप्पल बिक्रि गर्ने पसल श्रेणी क	२,५००।००	
	आफै जुत्ता बनाई बेच्ने १ जना लाई पूर्ण छुट		
४	**भाडा पसल, किचन सामाग्री**		
	भाडा तथा किचन सामाग्री थोक पसल	५,०००।००	
	भाडा तथा किचन सामाग्री पसल	२,५००।००	
	साधारण भाडा खूद्रा पसल	२,०००।००	
	आफ्नो श्रम मुलक काम तथा माटाका भाडा वनाई बिक्री गर्ने	५००।००	
	नोट अपाग तथा विधुवालाई पूर्ण छुट		
५	**होटेल एंड लज**		
	होटेल एंड लज श्रेणी क 5 star	५०,०००।००	
	होटेल एंड लज श्रेणी ख 4 star	४०,०००।००	
	होटेल एंड लज श्रेणी क 3 star	३०,०००।००	
	होटेल एंड लज श्रेणी ख 2 star	२०,०००।००	
	होटेल एंड लज श्रेणी ख 1 star	१०,०००।००	
	भोजनालय	२,०००।००	
	रेस्टुरेन्ट /बार	४,०००।००	
	दोहरी सांझ /नाच गान भएको	५,०००।००	
	होटेल ,लज, मिष्ठान्न , क्याटरिंग आदि सेवाहरु मध्ये कम्तिमा कुनै ३ प्रकारका संयुक्त सेवा व्यवसाय	५,०००।००	
	होटेल ,लज, मिष्ठान्न , क्याटरिंग आदि सेवाहरु मध्ये कम्तिमा कुनै २ प्रकारका संयुक्त सेवा व्यवसाय	४,०००।००	
	क्याटरिंग पसल	३,५००।००	
	मिष्ठान्न पसल श्रेणी क	२,०००।००	
	चिया कफी तथा मिठाई पसल श्रेणी ख	१,२००।००	
	सामान्य चिया कफी पसल (फुटथापमा)	५००।००	
	पार्टी प्यालेस	१०,०००।००	
	मादक पदार्थ बिक्री गर्ने तथा खाना खुवाउने पसल	३,०००।००	
	मादक पदार्थ बिक्री गर्ने साधारण पसल	२,०००।००	
	डेयरी पसल	१,२००।००	

Scanned with CamScanner

६	निर्माण सामग्री तथा विद्युत सामाग्री पसल		
	हार्डवेयर / सेनेटरी/ पेन्ट/मेशिनरी/ तथा मार्वल पसल	६,०००।००	
	रड र सिमेन्ट नभएको हार्डवेयर पसल	५,०००।००	
	विद्युत सामाग्री खूद्रा पसल	३,०००।००	
	सोलार बत्ति बिक्री पसल	२,०००।००	
	ग्लास हाउस	१,५००।००	
७	सुनचांदी तथा गहना बनाउने पसल		
	सून चादी पसल श्रेणी क	८,०००।००	
	सून चादी पसल श्रेणी ख	४,०००।००	
८	स्टेशनरी,पूस्तक तथा मनिहारी पसल		
	स्टेशनरी तथा पूस्तक dristibutes श्रेणी क	५,०००।००	
	स्टेशनरी तथा पूस्तक थोक	३,५००।००	
	स्टेशनरी तथा पूस्तक खूद्रा	२,५००।००	
	कस्मेटिकि पसल		
	कस्मेटिकि थोक पसल	३,५००।००	
	कस्मेटिकि खुद्रा पसल	२,५००।००	
	धागो टाक फस्नर थोक पसल	१,७००।००	
	धागो टाक फस्नर खुद्रा पसल	१,२००।००	
९	माछा, मासु विक्री पसल		
	मासु /ताजा माछा/ सिद्रा विक्री पसल विक्री पसल	१,०००।००	
	अण्डा विक्री पसल	५००।००	
	गाइगोरु, रांगाभैंसी, खसीबोका छाला संकलन वा विक्रि	१,०००।००	
१०	औषधी व्यवसाय		
	औषधी थोक तथा dristibutes	५,०००।००	
	औषधी पसल चिकित्सक राखि व्यवसाय गरेका	५,०००।००	
	औषधी खूद्रा पसल	३,०००।००	
	आयुर्वेदिक /होम्योपेथिक औषधी पसल	२,०००।००	
	एग्रोभेट थोक पसल / किटनाशन औषधि तथा मल खाद बिक्रेता श्रेणी क	५,०००।००	
	एग्रोभेट खूद्रा पसल किटनाशन औषधि तथा मल खाद बिक्रेता श्रेणी	२,५००।००	

Scanned with CamScanner

	जुत्ता चप्पल बिक्रि गर्ने पसल श्रेणी क	२,५००।००	
	आफै जुत्ता बनाई बेच्ने ५ जना भन्दा कम कर्मचारी भए पूर्ण छुट		
४	भाडा पसल, किचन सामाग्री		
	भाडा तथा किचन सामाग्री थोक पसल	५,०००।००	
	भाडा तथा किचन सामाग्री पसल	२,५००।००	
	साधारण भाडा खुद्रा पसल	२,०००।००	
	आफनो श्रम मुलक काम तथा माटाका भाडा बनाई बिक्री गर्ने	५००।००	
	नोट अपाग तथा विधुवालाई पूर्ण छुट		
५	होटेल एंड लज		
	होटेल एंड लज श्रेणी क 5 star	५०,०००।००	
	होटेल एंड लज श्रेणी ख 4 star	४०,०००।००	
	होटेल एंड लज श्रेणी क 3 star	३०,०००।००	
	होटेल एंड लज श्रेणी ख 2 star	२०,०००।००	
	होटेल एंड लज श्रेणी ख 1 star	१०,०००।००	
	भोजनालय	२,०००।००	
	रेस्टुरेन्ट /बार	४,०००।००	
	दोहरी सांझ /नाच गान भएको	५,०००।००	
	होटेल ,लज, मिष्ठान्न , क्याटरिंग आदि सेवाहरु मध्ये कम्तिमा कुनै ३ प्रकारका संयुक्त सेवा व्यवसाय	५,०००।००	
	होटेल ,लज, मिष्ठान्न , क्याटरिंग आदि सेवाहरु मध्ये कम्तिमा कुनै २ प्रकारका संयुक्त सेवा व्यवसाय	४,०००।००	
	क्याटरिंग पसल	३,५००।००	
	मिष्ठान्न पसल श्रेणी क	२,०००।००	
	चिया कफी तथा मिठाई पसल श्रेणी ख	१,२००।००	
	सामान्य चिया कफी पसल (फुटथापमा)	५००।००	
	पार्टी प्यालेस	१०,०००।००	
	मादक पदार्थ बिक्री गर्ने तथा खाना खुवाउने पसल	३,०००।००	
	मादक पदार्थ बिक्री गर्ने साधारण पसल	२,०००।००	
	डेयरी पसल	१,२००।००	

Scanned with CamScanner

६	निर्माण सामग्री तथा विद्युत सामाग्री पसल		
	हार्डवेयर / सेनेटरी/ पेन्ट/मेशिनरी/ तथा मार्बल पसल	६,०००।००	
	रड र सिमेन्ट नभएको हार्डवेयर पसल	५,०००।००	
	विद्युत सामाग्री खूद्रा पसल	३,०००।००	
	सोलार बत्ति बिक्री पसल	२,०००।००	
	ग्लास हाउस	१,५००।००	
७	सुनचांदी तथा गहना बनाउने पसल		
	सून चादी पसल श्रेणी क	८,०००।००	
	सून चादी पसल श्रेणी ख	४,०००।००	
८	स्टेशनरी,पूस्तक तथा मनिहारी पसल		
	स्टेशनरी तथा पूस्तक dristibutes श्रेणी क	५,०००।००	
	स्टेशनरी तथा पूस्तक थोक	३,५००।००	
	स्टेशनरी तथा पूस्तक खूद्रा	२,५००।००	
	कस्मेटिकि पसल		
	कस्मेटिकि थोक पसल	३,५००।००	
	कस्मेटिकि खुद्रा पसल	२,५००।००	
	धागो टाक फस्नर थोक पसल	१,७००।००	
	धागो टाक फस्नर खुद्रा पसल	१,२००।००	
९	माछा, मासु बिक्री पसल		
	मासु /ताजा माछा/ सिद्रा बिक्री पसल बिक्री पसल	१,०००।००	
	अण्डा बिक्री पसल	५००।००	
	गाइगोरु, रांगाभैंसी, खसीबोका छाला संकलन वा बिक्रि	१,०००।००	
१०	औषधी व्यवसाय		
	औषधी थोक तथा dristibutes	५,०००।००	
	औषधी पसल चिकित्सक राखि व्यवसाय गरेका	५,०००।००	
	औषधी खूद्रा पसल	३,०००।००	
	आयुर्वेदिक /होम्योपेथिक औषधी पसल	२,०००।००	
	एग्रोभेट थोक पसल / किटनाशन औषधि तथा मल खाद बिक्रेता श्रेणी क	५,०००।००	
	एग्रोभेट खूद्रा पसल किटनाशन औषधि तथा मल खाद बिक्रेता श्रेणी	२,५००।००	

Scanned with CamScanner

११	सूचीकार (सिलाई पसल)		
	सिलाई पसल श्रेणी क दुई थान मेसिन भन्दा बढी भएको	१,५००।००	
	सिलाई पसल श्रेणी ख दुई थान मेसिन सम्म भएको	१,०००।००	
	बुटिक ल्याब्रटोरी	१,५००।००	
	सिलाई मेसिन बिक्री तथा मर्मत	२,०००।००	
	नोट हाते मेसिन राखि सिलाई गर्नेलाई कर नलिने ।		
१२	इलेक्ट्रोनिक विक्री पसल		
	मोवाइल कम्पनी सेल्फ उपशाखा, distibuters	५,०००।००	
	फ्रीज ,टि. भी. डेक तथा पार्ट विक्री पसल	५,०००।००	
	मोबाईल,क्यमरा, रेडीयो , घडी पसल	३,०००।००	
	रेडीयो,घडी,,क्याल्कूलेटर पसल	२,०००।००	
	अडीयो , भिडीयो क्यासेट पसल	१,५००।००	
१३	मर्मत तथा संभार सेवा		
	इन्जिन मर्मत बस (हेभी), ट्रक तर्फ	३,०००।००	
	जीप, कार तथा टेक्टर मर्मत तथा सर्भिसिंग	३,०००।००	
	मोटरसाइकल मर्मत	२,५००।००	
	टि भि.,डेक ,मोबाईल ,फ्रिज मर्मत सेवा	१,५००।००	
	इलेक्ट्रोनिक मर्मत सेवा	१,५००।००	
	रेडीयो,घडी,,क्याल्कूलेटर र प्रेसर कुकर, हिटर तथा अन्य सानो विद्युत समान मर्मत पसल	१,५००।००	
	रिक्सा, साईकल मर्मत	७००।००	
	सवारी साधन धुलाइ गर्ने	७००।००	
	फमाल जस्तापाताको सामाग्री वनाउने तथा मर्मत गर्ने	१,५००।००	
	टायर रिसोलिंग	१,५००।००	
	टायर मर्मत ,हावा भर्ने पञ्चत हाल्ने	१,०००।००	
१४	सवारी साधन एजेन्सी,थोक विक्री पसल तथा पार्ट पुर्जा पसल		
	वस,ट्रक , ट्याक्टर जिप,कार प्रति डिलर	१०,०००।००	
	मोटरसाइकल डिलर	९,०००।००	
	मोटरसाइकल सव डिलर	५,०००।००	

Scanned with CamScanner

	साईकल निर्माण तथा बिक्री	६,०००।००	
	मोटर पार्ट तथा बोडी बिल्डर्स सामान बिक्री श्रेणी क	५,०००।००	
	टायर डिलर	४,०००।००	
१५	सञ्चार सेवा		
	कलरल्याव सेवा	१,५००।००	
	फोटो स्टुडियो सेवा	१,०००।००	
	टेलिफोन ,मोवाईल सेवा प्रदायक कम्पनी लाई निजी	५,०००।००	
	मोवाईल सेवा प्रदायक कम्पनी को सर्भिस सेन्टर	५,०००।००	
	मोवाईल सेवा प्रदायक कम्पनी को shop	२,०००।००	
	टि.भि. च्यानल प्रसारण सेवा	१०,०००।००	
	केबूल च्यानल प्रसारण सेवा	१०,०००।००	
	एफप्रसारण.एम. सेवा	५,०००।००	
	टुर एंड ट्राभल्स सेवा वायु सेवा कम्पनिको / शाखा	३,०००।००	
	फोटोकपिसाइवर.ओ.सी.पी/ क्याफे सेवा	२,०००।००	
	कुरियर सेवाको मुख्य कार्यालय	२,५००।००	
	कुरियर सेवाको शाखा कार्यालय	१,५००।००	
१६	ड्राईक्लिनिक धोवि पसल -		
	ड्राई- क्लिनिक पसल	१,५००।००	
१७	सैलुन तथा ब्युटिपार्लर सेवा		
	ब्युटि पार्लर सेवा ब्युटिशियन तालिम सहितको	२,५००।००	
	ब्युटि पार्लर सेवा	१,५००।००	
	सैलून २ सीट माथि	१,५००।००	
	सैलून २ सीट सम्म	१,०००।००	
१८	मदिरा, सुर्ती जन्य, हल्का पेय पसल		
	रक्सी, वियरको distributes	१२,०००।००	
	रक्सी, वियरको डीलर, सप्लायर्स	१०,००।००	
	रक्सी, वियरको खूद्रा बिक्रि पसल	४,०००।००	
	चूरोट , बिडी , सुर्तीजन्य पदार्थको डीलर पसल	७,०००।००	
	चूरोट , बिडी , सुर्तीजन्य पदार्थको थोक पसल	६,०००।००	

Scanned with CamScanner

	श्रेणी क	१०,०००।००	
	श्रेणी ख	७,०००।००	
	श्रेणी ग	५,०००।००	
	विदेशी निर्माण व्यवसायी भएमा	दोव्वर	
	घर निर्माण ठेकदेदारी व्यवसाय	३,०००।००	
३५	**लेखा परिक्षण व्यवसाय तर्फ**		
	लेखा परिक्षण व्यवसाय श्रेणी क	३,०००।००	
	लेखा परिक्षण व्यवसाय श्रेणी ख	२,५००।००	
	लेखा परिक्षण व्यवसाय श्रेणी गघ/	२,०००।००	
	कम्प्युटर एनालिस्ट तथा प्रोगा्रमर	२,०००।००	
	अनूवादक	१,५००।००	
	सामान ढुवानीकर्ता तथा कम्पनी	२,०००।००	
३६	**शिक्षा सेवा**		
	संस्थागत शिक्षालय क्याम्पस	६,०००।००	
	संस्थागत शिक्षालय माध्यमिक विद्यालय	५,०००।००	
	संस्थागत शिक्षालय आधारभुत विद्यालय १ देखि ८ सम्म	३,५००।००	
	पूर्व प्राथमिक विद्यालय	३,०००।००	
	छात्र / छात्रावस	२,५००।००	
	मंटेश्वरी तथा शिशू स्याहर केन्द	२,०००।००	
	पोली टेकनिकल इन्स्टिच्युट , प्रशिक्षण समेत	४,०००।००	
	नर्सिंग , सिए , एच. ए. , सि. एम. ए प्रशिक्षण समेत	५,०००।००	
	एजुकेशनल कन्सल्टेन्सी सेवा	३,०००।००	
	तालिम तथा अनूसन्धान केन्द्र	३,०००।००	
	कम्प्युटर तालिम/ भाषा शिक्षा कोचिंग सेन्टर/ इलेक्टोनिक /सवारी चालक तालिम केन्द्र	३,०००।००	
	संगीत /डान्स तालिम केन्द्र/ जिमखाना फिटनेश सेन्टर	२,०००।००	
३७	**गैर सरकारी संस्थाहरु**		
	अन्तरास्ट्रिय गैर सरकारी संस्थाहरु	६,०००।००	
	रास्ट्रीय गैर सरकारी संस्थाहरु	४,०००।००	
	स्थानीय गैर सरकारी संस्थाहरु	५००।००	

Scanned with CamScanner

३८	स्वास्थ सेवा		
	गैह्र सरकारी अस्पताल/ नर्सिंगहोम	५,०००।००	
	एम.आइ.आर./ सिटि स्क्यान/ अल्टासाउण्ड क्लिनिक	३,०००।००	
	दिशा,पिसाव,रगत जांच तथा एक्सरे (प्याथोलोजी क्लिनिक) क्लिनिक	३,०००।००	
	अक्युपन्चर,थेरापी,	२,०००।००	
	चश्मा पसल श्रेणी	१,५००।००	
३९	पशुपंक्षिको आहार दाना/ बिक्री पसल	१,५००।००	
४०	डिपार्टमेन्टल पसल	१,५००।००	
४१	गिफ्ट तथा फोटो फ्रेम पसल	५,०००।००	
४२	वांसको नाग्लो, डोको, कुचो बिक्री	१,५००।००	
४३	दालचिनी, अलैचि, सकमेल, सुपाडी बिक्री गर्ने (सामान्य)	१,०००।००	
४४	लूब्रिकेसन सेकेसन तर्फ	१,०००।००	
	लूब्रिकेसन Distributes		
	लूब्रिकेसन खूद्रा बिक्री	५,०००।००	
४५	विविध विषयका सामान सप्लायर्स तथा एजेन्सीहरु	२,५००।००	
४६	फलफूल पान पसल /	३,०००।००	
	फलफूल थोक पसल		
	फलफूल खुद्रा पसल	२,५००।००	
	सागसव्जी थोक पसल	१,०००।००	
	सागसव्जी खुद्रा पसल	१,५००।००	
	फुल तथा विरुवा बिक्रेता	१,०००।००	
	पान पसल	१,०००।००	
४७	छापाखाना	१,०००।००	
	अफसेट सिलिण्डर सहित प्रेस		
	छापाखाना	५,०००।००	
	स्क्रिन प्रिन्ट	२,०००।००	
	अनलाइन पत्रिका	१,५००	
	छपाई तथा पत्र पत्रिका प्रकाशन		
४८	नर्सरी व्यवसाय		

Scanned with CamScanner

	चिया नर्सरी	३,३००।००	
	चिया नर्सरी वाहेक अन्य नर्सरी	२,२००।००	
	उद्योग तर्फ		
४९	मोविल रिफाइन उद्योग	२,०००।००	
५०	चाउचाउ उद्योग	१५,८००।००	
५१	कूकिज / पाउरोटी उद्योग	२,२००।००	
५२	पापड / नुडल्स / चिप्स उद्योग	३,०००।००	
५३	सुर्तीजन्य,गुटका,बिडी उद्योग	१५,०००।००	
५४	अगर बत्ती तथा मैन बत्ती उद्योग	२,२००।००	
५५	दालमोड / भुजिया / फुकुरदाना उद्योग	२,२००।००	
५६	मसला उद्योग	७,७००।००	
५७	कपास उद्योग	५,५००।००	
५८	इलेक्ट्रिक स्विच बोड बनाउने	१,१००।००	
५९	सेलर मिल / फ्लावर मिल ५ करोड भन्दा बढी पुजी भएको	१०,०००।००	
६०	**सेलर मिल / फ्लावर मिल**	५,५००।००	
६३	**हलर मिल / कुटानी पिसानि मिल/ चिउरा मिल**	३,३००।००	
६४	प्लास्टिक उद्योग	८,८००।००	
६५	जुट वाइनडिंग तर्फ		
	मेसिनवाट जुट वाइनडिंग	२,७५०।००	
	हातवाट जुट वाइनडिंग	१,६५०।००	
६६	डेरी उद्योग	२,२००।००	
६७	कराही उद्योग	२,२००।००	
६८	गलौचा उद्योग		
	गलौचा उद्योग	११,०००।००	
	समुहगत गलैचा उद्योग	२,०००।००	
६९	पलाइउड उद्योग	१५,०००।००	
७०	गारमेन्ट उद्योग		
	१०० भन्दा वढी मेशीन भएको	८,८००।००	
	५० देखि १०० मेशनि भएको	५,५००।००	

Scanned with CamScanner

	१ देखि ५० सम्म मेशिन भएको	३,३००।००	
७१	फर्निचर तथा स:मिल		
	स:मिल	५,५००।००	
	फर्निचर उद्योग	३,३००।००	
	विट उद्योग	२,७५०।००	
७२	ग्रील उद्योग	३,३००।००	
७३	पशू आहर उद्योग	१०,०००।००	
७४	कन्फेक्सनरी उद्योग	४,०००।००	
७५	सिरक डसना उद्योग	४,४००।००	
७६	मिनरल वाटर उद्योग	४,४००।००	
७७	बरफ, आइसक्रीम उद्योग	२,२००।००	
७८	भाडा उद्योग	३,०००।००	
७९	तामा, पित्तल, कूकर	४,४००।००	
८०	आल्मूनियम फिल्टर /आल्मूनियमको गृल तथा सामान बनाउने	५,०००।००	
८१	बाल्टी /स्टोभ	१,६५०।००	
८२	सोडा /स्क्वास शर्वत उद्योग	२,७५०।००	
८३	अचार जस्ता घरेलु उद्योग	१,१००।००	
८४	सेनेटरी उद्योग	५,५००।००	
८५	भेनियर उद्योग	८,८००।००	
८६	पशु पालन उद्योग	३,३००।००	
८७	पन्छी पालन उद्योग	२,२००।००	
८८	चिया उद्योग (हरियो पत्ति पेलि चिया उत्पादन गर्ने)	१०,०००।००	
८९	चिया उद्योग (सानो ग्रिन चिया उत्पादन गर्ने)	४,०००।००	
९०	रेलिंग,पुल, इनारको रिंग तथा सिमेन्टका अन्य सामान बनाउने उद्योग	२,२००।००	
९१	सिमेन्टका पोल तथा ह्युम पाईप / पेपर वल्क उद्योग	५,५००।००	
९२	जुट तथा धागोवाट तैयार गरिने झोला	२,२००।००	
९३	एलजी.पि. ग्यास उद्योग	११,०००।००	
९४	इँट उद्योग	२०,०००।००	
९५	उनि कपडा उद्योग	२,२००।००	
९६	कोल्ड स्टोरेज	११,०००।००	

Scanned with CamScanner

९७	इन्टरनेट सेवा प्रदायक	७,७००।००	
९८	सिमेन्ट उद्योग	२०,०००।००	
९९	रासायनिक मल उद्योग	११,०००।००	
१००	वायर उद्योग	११,०००।००	
१०१	चियापत्ति प्याकेजिग उद्योग	६,६००।००	
१०२	कसर उद्योग	१०,०००।००	
१०३	हस्तकला उद्योग	१,६५०।००	
१०४	जुत्ता चप्पल उद्योग	५,०००।००	
१०५	रड तथा स्टिल उद्योग	१५,०००।००	
१०५	सावुन प्याकजिग उद्योग	४,०००।००	
१०६	सेनेटाईजर उद्योग	२,०००।००	
माथि उल्लेखित बाहेकका कुनै पनि व्यवसाय र उद्योगलाई तत्काल निर्णय गरी नगर सभामा अनुमोदन गराउने गरी कर लगाउन सकिने छ।		रु ५०० देखि ५००० सम्म	

नोट :व्यापार व्यवसाय र उद्योगको हकमा श्रेणी वर्गाकरण देहाय बमोजिम गरिएको छ।

व्यापार व्यवसायको हकमा विस लाख भन्दा बढी पूजी भएको क श्रेणी

व्यापार व्यवसायको हकमा विस लाख भन्दा कम पूजी भएको ख श्रेणी

उद्योगको हकमा ३ करोड भन्दा बढी पूजी भएको क श्रेणी

उद्योगको हकमा ३ करोड भन्दा कम पूजी भएको ख श्रेणी

Scanned with CamScanner

अनुसूची ७

(ऐनको दफा ६ को उपदफा(१) संग सम्बन्धित)

जडिबुटी, कवाडी, जीवजन्तु करको दर

